तातोहावा 'लू'का असर तथा लक्षण
- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्यधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने,
- छाला सुक्खा, रातो र तातो हुने,
यस्ता असरहरू देखिएमा तुरुन्त नजीकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com

जनहितमा जारी सन्देश
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल-ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ २१ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 03 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७१

## औद्योगिक राजधानी घोषणामा विलम्ब

हिमाल लम्साल
वीरगंज, २० जेठ/रासस


तस्वीरः फाइल

वीरगंज आसपासका क्षेत्र ९० वर्षभन्दा लामो व्यापारिक तथा औद्योगिक विरासत बोकेको क्षेत्र भएकाले २०औं वर्षदेखि औद्योगिक क्षेत्र घोषणा गर्न माग हुँदै आएको छ । यहाँका उद्योगी र व्यवसायीको एकल प्रयासले मात्रै औद्योगिक नगरीको उपमा पाएको वीरगंजलाई औद्योगिक राजधानीका रूपमा विकास गर्न सकिएमा मुलुकको औद्योगिक विकासमा नयाँ आयाम थपिने विश्वास गरिएको छ ।

यहाँका सबैजसो उद्योग, कलकारखाना उद्योगीका व्यक्तिगत जग्गामा सञ्चालन हुँदै आइरहेका व्यवसायीहरूको भनाइ छ । काठमाडौं, ललितपुर, पोखरालगायतका क्षेत्रमा राज्यले नै ठाउँ उपलब्ध गराएर औद्योगिक क्षेत्रका रूपमा विकास गरेको छ । तर यहाँ भने उद्योगीकै सक्रियतामा विकास सम्भव भएको वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष एवं उद्योगी हरि गौतम बताउँछन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझा सरकारले पर्सा र बारा क्षेत्रलाई समेटेर औद्योगिक राजधानी घोषणा गरेर औद्योगिक लगानीमैत्री वातावरण बनाउँदा राम्रो हुने बताउँछन् । "औद्योगिक राजधानी घोषणा गर्ने विषय राजनीतिक विषय भएपनि यस क्षेत्रलाई औद्योगिक राजधानी घोषणा गर्न कुनै समस्या छैन," उनले भने, "सरकारले औद्योगिक राजधानी घोषणा गरेर मात्रै पुग्दैन । औद्योगिक राजधानी घोषणा गरेपछि उद्योगधन्दा फस्टाउने खालको वातावरण भने तयार दिनुपर्ने हुन्छ ।"

वरिष्ठ उपाध्यक्ष गौतम आफैंले १५ वर्षदेखि वीरगंज महानगरपालिकास्थित गण्डक क्षेत्रमा रु १५ करोड पूँजी भएको 'प्रेस्टिज फूटवेयर इन्डस्ट्रिज' सञ्चालन गर्दै आइरहेका छन् । उनको उद्योगमा प्रत्यक्षरूपमा एक सयभन्दा धेरैले रोजगारसमेत पाएका छन् । तर उनले अझ पनि ढुक्क र सुरक्षित वातावरणमा उद्योगलाई अघि बढाउन नपाइरहेको गुनासो गर्छन् । "१५ वर्ष भइसक्यो उद्योग सञ्चालनमा ल्याएको । अझै पनि ढुक्क भएर उद्योग/व्यवसाय गर्न पाइरहेका छैनौं," उनले भने, "कहिले स्थानीय टोले गुन्डाहरूले दुःख दिन्छन् त कहिले स्थानीय सरकारले विभिन्न शीर्षकको करको नाममा हैरानी पार्ने काम गरिरहेको छ ।"

"पर्सा र बारा क्षेत्रका उद्योगी-व्यवसायीले औद्योगिक राजधानी नभएकाले पनि धेरै खालका चुनौतीको सामना गर्नुपरेको छ," उनले भने, "सरकारले पर्सा र बारा जिल्लालाई समेटेर औद्योगिक राजधानी घोषणा गरेको खण्डमा उद्योगधन्दाले अहिले देखिएका चुनौती तथा समस्यासँग जुध्नका लागि खासै समस्या हुँदैन्थ्यो । यहाँका उद्योगी तथा व्यवसायीले आफ्नो उद्योग विस्तार गर्न पनि पाउँथे ।"

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंजलाई औद्योगिक राजधानी घोषणा गर्नुपर्ने बताउँछन् । "वीरगंजले मुलुकको राजस्वमा झन्डै एक तिहाइभन्दा ठूलो हिस्सा ओगट्दै आइरहेको छ," उनले भने, "वीरगंजलाई औद्योगिक राजधानी घोषणा गरेर उद्योग, कलकारखाना स्थापना गर्नका लागि जग्गा जमीनको आवश्यकता भएपनि सोको व्यवस्थापन गर्न महानगर तयार छ ।" महानगरका अनुसार वीरगंजलाई औद्योगिक राजधानी घोषणा गर्नका लागि औद्योगिक क्षेत्रलाई थप विस्तार गर्न महानगरका वडा नं २७, २९ र ३१ मा रहेका जग्गामा पूर्वाधार निर्माण गर्न सकिन्छ ।

अघोषितरूपमा वीरगंजलाई मुलुकको औद्योगिक शहर तथा आर्थिक नगरी भने पनि वीरगंजवासीले त्यसको प्रत्यक्ष अनुभूति गर्न पाएका छैनन् । वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष एवं संविधानसभा सदस्य ओमप्रकाश शर्मा पनि पर्सा र बारा क्षेत्रलाई औद्योगिक राजधानीको रूपमा विकास गर्नुपर्ने बताउँछन् । अहिले पर्सा र बारा क्षेत्रमा अव्यवस्थित र छरिएर व्यक्तिगत जग्गामा सञ्चालित उद्योगलाई औद्योगिक राजधानी घोषणा गरेर निश्चित क्षेत्रमा व्यवस्थापन र सञ्चालन गर्न सक्ने हो भने एकातर्फ नयाँ लगानीसहितको उद्योग स्थापना हुन्छन् । उनले गण्डकी प्रदेशलाई पर्यटकीय राजधानीका रूपमा घोषणा गरे जस्तै यस क्षेत्रलाई पनि अब औद्योगिक राजधानी घोषणा गर्न ढिलासुस्ती गर्न नहुने बताए ।

वीरगंज क्षेत्रका उद्योगी-व्यवसायी तथा राजनीतिज्ञले मधेस प्रदेशको राजधानी वीरगंज हुनुपर्ने माग गर्दै आइरहेका थिए । २०७८ माघ ३ गते बसेको मधेस प्रदेशसभा बैठकले प्रदेशको नाम मधेस र राजधानी जनकपुरधाम राख्ने प्रस्ताव पारित गरेको थियो ।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेश अध्यक्ष अशोककुमार टेमानी वीरगंजलाई मधेस प्रदेशको राजधानी नबनाइए पनि औद्योगिक राजधानी बनाउनुपर्ने बताउँछन् । "पर्सा र बारा औद्योगिक नगरका रूपमा परिचित नै छन् । अब यी जिल्लालाई औद्योगिक राजधानी घोषणा गरेर अघि बढेको खण्डमा यस क्षेत्रले विकासको काँचुली फेर्नेछ," अध्यक्ष टेमानीले भने, "आर्थिक राजधानी घोषणा भएसँगै मुलुकको आर्थिक गतिविधि बढेर समग्रमा राज्यकै राजस्व बढ्ने हो ।"

सङ्घका वरिष्ठ उपाध्यक्ष गौतम काठमाडौं-तराई-मधेस द्रुतमार्गको निजगढको अन्तिम बिन्दुको ३०/३० किलोमिटर वरपरको क्षेत्रफललाई समेटेर औद्योगिक राजधानी बनाउन सकिने धारणा व्यक्त गर्छन् । "बाराको सिमरा क्षेत्रमा अझै पनि ३३८ बिघा क्षेत्रफलको जग्गा टिप्पणी उठेर भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयमा पुगिसकेको छ," उनले भने, "सो जग्गा पाएको खण्डमा औद्योगिक राजधानी बनाउनका लागि पर्याप्त ठाउँ पुग्नेछ ।"

अन्तर्राष्ट्रिय निकासी तथा पैठारीमा विश्वका धेरै देशसँग जोडिएकाले वीरगंज उपयुक्त ठाउँ हुन सक्छ । त्यतिमात्र होइन, यहाँको सुविधासम्पन्न एकीकृत जाँचचौकी, भारतसँग रेलवे जोडिएको श्रीसियास्थित सुक्खा बन्दरगाहलगायतका पूर्वाधारले पनि औद्योगिक राजधानीका लागि आधार तयार गरेको छ ।

सङ्घीय राजधानी काठमाडौंदेखि स्थलमार्गको सबैभन्दा छोटो दूरीको अन्तर्राष्ट्रिय नाका नै वीरगंज हो । काठमाडौं-तराई-मधेस द्रुतमार्ग बनिसकेपछि बारा-पर्साको औद्योगिक क्षेत्रबाट कम्तीमा एक सय किलोमिटर दूरी औसतमा डेढ घण्टाभित्रै पुग्न सकिन्छ । अर्कोतर्फ प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल पनि यसै क्षेत्रमा पर्छ । यो विमानस्थल बनेसँगै विदेशी मुलुकमा नेपाल उत्पादन निर्यात गर्ने ढोका पनि खुल्नेछ । पर्सा र बारा जिल्ला नेपालको मध्यभागमा पर्छ ।

पर्सा र बारामा ठूला खालका उद्योगधन्दा यति नै छन् भन्ने खालको यकीन तथ्याङ्क नभए पनि आठ सयदेखि १२ सयको हाराहारीमा रहेको अनुमान गरिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पर्सा जिल्लामा औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको सङ्ख्या भने एक हजार ६४६ रहेका छन् । त्यस्तै, कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको सङ्ख्या १२६ छन् । बारामा पनि औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको सङ्ख्या एक हजार २२५ छन् । त्यस्तै, कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको सङ्ख्या भने १५२ छन् ।

### यस्ता पूर्वाधार चाहिन्छ

औद्योगिक राजधानी घोषणा गरिसकेपछि औद्योगिक परिसरसम्म चार लेनको सुविधासम्पन्न सडक चाहिन्छ । अहिले नै बारा र पर्सा जिल्लाको औद्योगिक क्षेत्रमा चार लेनको सडक लगभग तयार भइसकेको छ । "२४सैं घण्टा उपलब्ध हुने गुणस्तरीय र भरपर्दो खालको विद्युत् आपूर्तिको सुनिश्चितता आवश्यक छ," सङ्घका वरिष्ठ उपाध्यक्ष गौतमले भने । औद्योगिक राजधानीको लागि दूषित पानी शुद्धीकरण प्लान्टसहितको सुविधासम्पन्न ढल निकासको व्यवस्था पनि सरकार र निजी क्षेत्रको साझेदारी अघि बढाउन सकिनेछ । उनले भने, "सरकारले औद्योगिक वातावरण सिर्जना गरिदिने हो भने उद्योग स्थापनाका लागि धेरै लगानीकर्ता उत्सुक नै छन् ।"

"अन्तर्राष्ट्रियस्तरको भन्सार चेकपोस्टको व्यवस्थासँगै सो क्षेत्रबाट कम्तीमा पनि पाँच सयदेखि एक हजार मिटरसम्मको दूरीमा बस्ती बसाल्न नपाइने नियमलाई भने कडाइका साथ लागू गर्नुपर्ने हुन्छ," वरिष्ठ उपाध्यक्ष गौतमले भने, "औद्योगिक क्षेत्र बसेसँगै स्थानीय बस्ती बस्ने चलन ह्वात्तै बढ्छ । बस्ती बसेसँगै उद्योगले प्रदूषण गर्‍यो भन्दै फेरि द्वन्द्व शुरू हुन्छ । त्यसैले बस्ती र औद्योगिक क्षेत्रबीच दूरी कायम भने गर्नैपर्छ ।"

### कतिपय पूर्वाधार तयार

वीरगंजको श्रीसियास्थित सुक्खा बन्दरगाह ५७ बिघा क्षेत्रफलमा अवस्थित छ । यो यस्तो खालको बन्दरगाह हो- जहाँ कार्गो रेलबाट मात्रै मालसामान ल्याउने गरिन्छ । यो सन् २००० विश्व बैंकको ऋण सहयोगमा रु ८२ करोडको लागतमा निर्माण गरिएको हो । भारत सरकारको २० करोडको लागतमा रक्सौलदेखि बन्दरगाहसम्म रेल लिङ्क निर्माण गरिएको हो । अहिले सुक्खा बन्दरगाह व्यवस्थापनको काम भने इन्टरमोडल यातायात विकास समितिमार्फत हुँदै आइरहेको छ । नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिस्टिन भ्याली ड्राइपोर्टबीच पाँच वर्षको लागि तीन अर्ब ३३ करोड रुपियाँमा ठेक्का सम्झौता भएको छ । प्रिस्टिनले सुक्खा बन्दरगाह सञ्चालन र व्यवस्थापन गरेबापत औसतमा वार्षिक ६६ करोड रुपियाँ समितिलाई उपलब्ध गराउने गर्छ ।

सुक्खा बन्दरगाह कार्यालयले गत आर्थिक वर्षमा मात्रै रु ४२ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको थियो । यो वर्षको १० महीनामा रु ४० अर्ब तीन करोड राजस्व सङ्कलन गरिसकेको छ ।

(बाँकी पाँचौं पातामा)

## पर्सामा दोस्रो चरणको पोलियो खोप शुरू



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २० जेठ/

पर्सा जिल्लामा दोस्रो चरणको राष्ट्रिय पोलियो खोप अभियान आइतवारदेखि शुरू भएको छ । जेठ १३-१६ गतेसम्म पहिलो चरणको राष्ट्रिय खोप अभियान सम्पन्न भएलगत्तै दोस्रो चरणको पोलियो खोप अभियान आजदेखि शुरू भएको स्वास्थ्य कार्यालय, पर्साका खोप अधिकृत जयमोद ठाकुरले बताए ।

पहिलो चरणमा वीरगंज महानगरपालिकाका १ देखि १६ वटा वडा, बहुदरमाई नपा, छिपहरमाई, पकाहामैनपुर, धोबिनी, विन्ध्यवासिनी र ठोरी गाउँपालिका गरी आठवटा पालिकामा खोप अभियान सञ्चालित भएको थियो भने आजदेखि वीरगंज महानगरका १७ देखि ३२ नं वडा, पर्सागढी, पोखरिया नगरपालिका, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिकामा खोप अभियान शुरू भएको हो । दोस्रो चरणको खोप अभियान जेठ २६ गतेसम्म सञ्चालन हुने र यस अवधिमा १६ हजार बालबालिकालाई पोलियो खोप खुवाइने लक्ष्य छ ।

२०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मेका बालबालिकाहरूलाई लक्षित गरेर राष्ट्रिय पोलियो खोप अभियान सरकारले सञ्चालन गरेको हो ।

सो अवधिमा खोप अभाव भएकोले सरकारले कार्यक्रम सञ्चालन गर्न नसकेको र अहिले सोही उमेर समूहका बालबालिकालाई लक्षित गरेर राष्ट्रिय पोलियो खोप अभियान २०८१ सञ्चालन गरेको हो ।

पर्सा जिल्लामा सो अवधिमा खोप लिनबाट वञ्चित ३१ हजार ८१२ जना बालबालिकालाई दुई चरणमा खोप दिने लक्ष्य रहेको खोप अधिकृत ठाकुरले बताए । दोस्रो चरणको खोप अभियानमा ७०८ जना स्वयंसेविका, एक हजार ४१६ जना स्वयंसेवक, ११२ जना स्वास्थ्यकर्मी र तीनजना चिकित्सक खटिएका खोप अधिकृत ठाकुरले बताए । खोप लगाउने क्रममा हुने सम्भावित जोखिम व्यवस्थापनको लागि ११२ जना स्वास्थ्यकर्मी र नारायणी अस्पतालका तीनजना चिकित्सक अभियानमा संलग्न रहेका उनले जानकारी गराए ।

## किसानलाई बेमौसमी तरकारीखेती तालीम

प्रस, पंचगावाँ, २० जेठ/



तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका-७ टिकुलियामा कृषि बेमौसमी तरकारीखेतीबारे कृषकहरूलाई तालीम प्रदान गरिएको छ । वडास्तरमा तरकारीखेती गर्ने किसानहरूलाई तीन दिने बेमौसमी तरकारीखेतीबारेमा तालीम दिइएको थियो । पर्सागढी नगरपालिकाको सहयोग र सहज सेवा सीप विकास केन्द्र पर्साको आयोजनामा भएको कार्यक्रमको अध्यक्षता वडाध्यक्ष शङ्कर रायभरको अध्यक्षतामा भएको र वडा सदस्य राजेश सहनी, मैनुद्दीन मियाँ, वडासचिव रिमा चौधरी, पत्रकार बलिराम शुक्लालगायतले कार्यक्रम सफलताको कामना गरेका थिए ।

कार्यक्रमको सहजीकरण सुस्मिता चौधरीले गरेकी थिइन् भने कृषि प्राविधिक मोहन चौधरी र कृष्णाकुमारी बस्नेतले प्रशिक्षण दिएका थिए ।

## फरार सूचीका थारू पक्राउ

प्रस, पंचगावाँ, २० जेठ/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले लागूऔषध मुद्दामा फरार एकजनालाई हिजो राति पक्राउ गरेको छ । पटेर्वासुगौली गापा-३ बस्ने जयप्रकाश दास थारूलाई पक्राउ गरिएको इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढामगरले बताए । उनले गाँजा, चरेस मुद्दामा पर्सा जिल्ला अदालतबाट चार वर्ष कैद र रु ४० हजार जरिवाना भएपछि फरार थारूलाई हिजो राति निजकै घरबाट पक्राउ गरिएको बताए । पक्राउ परेका थारूलाई आइतवार अदालतमा हाजिर गराइएको छ ।

## विचारसार र सूक्तिहरू

मधुरो बोली र असल व्यवहारले नै मानिसलाई महान् बनाइदिन्छ ।


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# असल काममा साथ दिनुस्

**वीरगंज महानगरपालिकामा विगत पाँच वर्षदेखि कपडा बैंक सञ्चालनमा छ । छिमेकी भारत बिहारको रक्सौलमा स्थानीय महिलाहरूले रक्सौल बैंक सञ्चालन गरेर दीन–दु:खीहरूलाई लगाउनका लागि कपडाको व्यवस्था गर्दै आएबाट प्रभावित भएर वीरगंजमा पनि कपडा बैंक सञ्चालनमा आएको हो । राम्रो कामको सिको गर्दा सकारात्मक सोचको विकास हुन्छ र मानिसहरू असल काम गर्नतर्फ अग्रसर हुन्छन् । बिहार सरकारको नै निकै लोकप्रिय थियो– 'बेटी पढाओ, बेटी बचाओ' कार्यक्रम जसलाई यस अघिको मधेस प्रदेश सरकारले 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रम सञ्चालन गरेर लोकप्रियता बटुलेको थियो । सो अभियान अन्तर्गत शुरूमा विद्यालयमा अध्ययनरत छात्राहरूलाई साइकल वितरण गरिएको थियो भने त्यसपछि बीमा कार्यक्रम लागू गरिएको थियो । तर साइकलमा भ्रष्टाचार भएको अख्तियारमार्फत सार्वजनिक भएपछि साइकल वितरण कार्यक्रम रोकियो भने बीमा कार्यक्रम पनि अहिले स्थगित प्राय: छ । अभियान असल भएपनि नियत राम्रो नभएर दीर्घकालीनरूपमा सञ्चालन हुन सकेन ।**

**लोकप्रिय कार्यक्रमको नाममा अलोकप्रिय काम गरेर आफ्नो स्वार्थसिद्ध गर्नेहरूको यहाँ कमी छैन । पञ्चायतकालमा हुने कर्तुतहरू लुकाउनका लागि तत्कालीन अवस्थामा विकास निर्माण योजनाहरूको शिलान्यास, उद्घाटन राजाबाट गराइन्थ्यो । पूर्वराजाहरूले शिलान्यास, उद्घाटन गरेका विकास निर्माण योजनाहरूमा हुने गरेका अनियमितताको त्यत्ति उठान हुँदैन थियो । अहिले ठूला दलका नेताहरूबाट शिलान्यास, उद्घाटन गराउनुको पछाडि पनि यही तथ्य लुकेका हुन्छन् । जसरी राम्रो काम गर्दा सुगन्ध आफैं फैलन्छ, त्यसरी नै नराम्रो काम गर्दा दुर्गन्ध पनि आफैं फैलन्छ । कपडा बैंक राम्रो काम हो र यसको सुगन्ध अहिले वीरगंजभरि फैलिएको छ । यहाँ दुईवटा कपडा बैंक छन्, दुवै पाँच वर्षदेखि निरन्तर सेवारत छन् । एउटाले प्रत्येक शुक्रवार वितरण गर्छ भने अर्कोले दैनिक । कपडा वितरणसँगै वीरगंजमा विगत छ वर्षदेखि साप्ताहिकरूपमा खाना खुवाएर परोपकारका कामहरू पनि भएका छन् । सद्भाव समितिले आदर्शनगरमा विगत छ वर्षदेखि निश्शुल्क खाना खुवाउँदै आएको छ । कोरोनाकालमा यस प्रकारका परोपकारी काममा लाग्ने संस्थाहरू थुप्रै सक्रिय थिए । अहिले सामान्य अवस्थामा पनि एकपछि अर्का संस्थाहरू परोपकारी काममा साथ दिंदैछन् ।**

**वीरगंज महानगरका आधा दर्जन स्थानमा शनिवार साप्ताहिक र मासिकरूपमा भोजन गराउने संस्थाहरू सक्रिय देखिएका छन् । कसैले लामो समयदेखि यो काम गर्दै आएका छन् भने कसैले भर्खर एकाध महीनादेखि सुरुआत गरेका छन् । कहिले अचाक्ली गर्मी त कहिले अचाक्ली जाडो हुन्छ । परिश्रम गरेर दैनिक गुजारा गर्नेहरूलाई यस्तो समयमा खाना र लगाउने कपडाको अभाव हुन्छ । कपडा बैंकको लोकप्रियता बढेसँगै अहिले दैनिक निश्शुल्क भोजनको पहल शुरू गरिएको ती संस्थाहरूले जनाएका छन । यो प्रयास आफैंमा असल काम हो । यस प्रकारका असल कामहरू हुने हो भने मानिसहरूमा असल काम गर्ने भावना जागृत हुन्छ । शुल्क लाग्दैन, निश्शुल्क हो, यसको फाइदा लिऊँ भन्ने भावना कमैमा हुन्छ । त्यसैले यस अभियानका अभियानकर्ताहरूले हुनेले दिने र नहुनेले लिने भन्ने नारा घन्क्याएका छन् । यस कार्यलाई निरन्तरता प्रदान गन ेसबैको साथ र सहयोग जरुरी छ ।**

# मानिसको जीवनमा जनावरहरूको उपयोगिता

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**अहङ्कार र रिसको आवेगमा हामीले अरूलाई "किन पशुजस्तो हर्कत गरेको ? तिमी त गदहा हौ" जस्ता वचन बोलेर पशुहरूको अपमान गरिराखेका हुन्छौं । भारतीय कवि मैथिलीशरण गुप्तले सही नै लेखेका छन्– "मैं मनुष्यताको सुरत्व की सीढी भी कह सकता हुँ/किन्तु पतितको पशु कहना भी नहीं सह सकता हुँ ।"**

जीवनमा कुनै पनि पक्ष वा वर्ग यस्तो छैन, जसले कुनै न कुनै रूपमा जनावरहरूद्वारा दिइने सेवाको लाभ नउठाएको होस् । जो कोही पनि जनावरहरूको सेवाबाट लाभान्वित नै भएका छन् । यस्ता कोही पनि भेटिंदैनन्, जसको जीवनमा जनावरहरूको उपयोगिता नहोस् । किसानदेखि व्यापारीसम्म, दूध बेच्नेदेखि लिएर टाँगा, बैलगाडा हाँक्नेसम्म वा गरीबदेखि धनी सबैजना जनावरका ऋणी छन् । यदि दुधालु जनावरबाट हामीलाई दूध प्राप्त हुन्छ भने घोडा, उँट, खच्चर, हात्ती, गदहा आदिको उपयोगिता पनि कसैसँग लुकेको छैन । यदि भेडा, चौंरी गाई, खरायोबाट हामीलाई नरम र राम्रोखाले ऊन हासिल हुन्छ भने उँटको कडा कपालबाट चीसोयाममा न्यानो पार्ने ऊन प्राप्त हुन्छ । यसैगरी, हात्ती, घोडा र उँट सवारी र सामान ढुवानी गर्ने साधन मात्र नभई प्राचीनकालमा युद्ध क्षेत्रमा पनि आफ्नो कौशल प्रदर्शित गरेका कैंयन उदाहरणहरू छन् ।

यदि हात्तीबाट हात्ती दाँत र बाघ, सिंह, हिरण, गैंडा आदिबाट उनीहरूको छाला प्राप्त हुन्छ भने बाघको हड्डीबाट गठिया रोग, उसको जुँगाबाट टाउको दुखाइ र आँखामा हुने छारेरोग निको पार्ने औषधि हासिल हुन्छ । त्यसैगरी, गैंडाको नाकमाथि रहेको सिंह औषधीय गुणको खानी हो भने हिरणबाट प्राप्त हुने कस्तुरी धेरै हितकारी हुन्छ । त्यहीं कुकुरको अग्नाशयबाट मधुमेहको अचूक औखति इन्सुलिन प्राप्त हुन्छ भने गाईको शरीरमा हात फेर्नाले मात्र उच्च रक्तचापमा फाइदा पुग्छ ।

वर्तमान समयमा गाई, भैंसी, भेडा, बाख्रा, घोडा, बैल, खच्चर, गदहा, बाँदर, सुङ्गुर आदि घरपालुवा जनावरभन्दा पनि धेरैजसो घरमा कुकुर पाल्ने चलन स्टेटस र स्टचान्डर्डको प्रतीक बनेको छ । यसभन्दा पनि बढी उसको विशिष्ट योग्यताबाट लाभ उठाउन उसले प्रहरीको खुफिया विभागमा समेत प्रवेश पाएको छ । आज कुकुर प्रहरी निरीक्षक बनेर चोरदेखि हत्याराहरूलाई समात्ने र विस्फोटक तथा लागू पदार्थ पत्ता लगाउने काममा सहयोगी साबित भएको छ ।

मानिसको जीवनमा जनावरहरूको उपयोगिताको परिणामस्वरूप नै विष्णु शर्मा र नारायण पण्डितले जनावरमा आधारित शिक्षाप्रद कथा पञ्चतन्त्र र हितोपदेशको रचना गर्न सफल भएका छन् । यसैगरी, बोधित्सवको जीवनसँग सम्बन्धित जातक कथाहरू, भारतीय कथाकार मुन्सी प्रेमचन्दको "कुत्तेकी कहानी", सीतारामको "शेरनीका प्रेम", सर्वेश्वर दयाल सक्सेनाको "हाथीकी पौं" र अन्य लेखकहरूको समेत जनावरमाथि आधारित कैंयन कथाका पुस्तकहरू रहेका छन् । शिकार कथाका लागि प्रसिद्ध जिम कार्बेट र श्रीराम शर्मालाई कसले चिन्दैन ? त्यहीं अर्कोतिर यस्ता धेरै चित्रकार र मूर्तिकारहरू छन्, जसले "पाषाणयुग"देखि आजसम्म आफ्नो कलाको माध्यमले जनावरहरूको उपयोगितालाई प्रदर्शित गरेका छन् ।

जनावरहरूप्रति मानिसको आकर्षण आजसम्म कायमै छ । यस कारण गाई हाम्रो राष्ट्रिय पशु र डाँफे हाम्रो राष्ट्रिय चराको रूपमा रहेका छन् । त्यसैगरी, नेपाली मुद्रासहित डाँक टिकटहरूमा पनि जनावरहरूका चित्र अङ्कित गरिएका छन् । यसैगरी, नेपाली मन्दिरहरूका प्रवेशद्वार र भित्ताहरूमा समेत कैंयन जनावरहरूको चित्र हेर्न सकिन्छ । नेपालको कब स्काउट "मोगलीको कथा"मा नै आधारित छ । जसमा बालकको समुचित विकासमा जनावरहरूको योगदानको वर्णन गरिएको छ ।

त्यहीं फिल्म निर्माताहरू पनि जनावरसँग आकर्षित भएर सफेद हाथी, हाथी मेरे साथी, तेरी मेहरबानिया, मैं तेरा दुश्मन जस्ता फिल्म बनाएका छन् भने आवर पैट्स, गुरु घण्टाल, मिक्की माउस, वाइल्ड एनिमल्स जस्ता टिभी सिरियलहरू निर्माण गरेर एक प्रकारले जनावरहरूको मानवजीवनमा रहेका उपयोगितालाई रेखाङ्कित गर्ने प्रयास गरेका छन् । खुशीको कुरो त वस्तुको प्रचारप्रसारको लागि विज्ञापन बनाउने कम्पनीहरू पनि जनावरबाट आकर्षित भएर विज्ञापनमा जनावरहरूलाई ठाउँ दिन थालेका छन् ।

सर्वविदित तथ्य के पनि रहेको छ भने ज्योतिष विज्ञानका १२ राशिमध्ये चार राशि मेष, वृष, सिंह, मकर तथा भगवान् विष्णुका अवतारहरूमध्ये तीन अवतार कूर्म, बराह र नृसिंह अवतार जनावरमाथि आधारित छन् । यसैगरी, १८ पुराणमध्ये कूर्म पुराण र बराह पुराण पनि जनावरमाथि नै आधारित छन् । त्यसैगरी, हिन्दू देवीदेवताहरूको वाहनको रूपमा मुसा, ऐरावत हात्ती, नन्दी, सिंह, भैंसी, उल्लू आदि महमद साहबको साथमा उँटनी र ईसा मसीहसँग भेडाको बच्चा हुनुले के सङ्केत गर्छ भने चाहे इहलोक होस् वा परलोक जनावरको सहभागिताबाट कुनै पनि लोक वञ्चित छैनन् । यसैगरी, तिहारका पाँच दिनमध्ये चार दिन काग, कुकुर, गाई र गोवर्धन पूजा गरिन्छ, जसले जीवनमा जनावरहरूको उपयोगितालाई दर्शाउँछ । यस कारणले नै लोकगीत, लोककथा, लोकचित्रसहित दोहा र अलङ्कारमा पनि प्रस्टरूपमा यसको झलक सुन्न सकिन्छ ।

चिकित्सा क्षेत्रमा अध्ययन, अनुसन्धानको क्रममा जनावरहरूको प्रयोग सर्वविदित नै छ । नेपाललगायत भारतमा जनावरहरूलाई पशुधन भनिएको छ । जोसँग जति पशुधन हुन्छ, ऊ त्यत्तिकै समृद्धशाली मानिन्छ । तर अब अर्थवादको युगमा प्रतिबन्धित जनावरको मासुको अवैध बिक्रीले लोभी मानिसहरूको लोभलाई धेरै बढाइदिएको छ । आज लोभी मानिसहरूलाई धनी बनाउने साधनको रूपमा पनि जनावरहरू प्रयोग भइरहेका छन् । पर्यावरणीय प्रदूषणलाई रोक्नमा पशुहरूको भागीदारीबारे शायद हामीलाई थाहा नै छैन । सडेगलेका तरकारी, फल, खाद्यान्न आदि जसलाई हामीले यत्रतत्र सर्वत्र फाल्ने गर्छौं, त्यसलाई यदि जनावरहरूले नखाएको भए कति फोहर र त्यसबाट निस्कने दुर्गन्धले वायु कतिको प्रदूषित हुन्थ्यो, त्यसको कल्पना पनि गर्न सकिंदैन । अन्धविश्वासका कारण नदीमा बगाइने शवहरूलाई यदि गोही, कछुवा, माछाहरूले खाएनन् भने त्यहाँको पानी खाने योग्य रहँदैन ।

यदि गाईको गोबर घर लिप्न, पोत्न र कीराहरूलाई मार्न प्रयोग गरिन्छ भने त्यही गोबर इन्धनको रूपमा पनि प्रयोग गरिन्छ । जनावरहरूको खाद्य शृङ्खला जनावर र पर्यावरणबीच सन्तुलन कायम गर्ने काममा पनि सहयोगी साबित भएको छ । सुप्रसिद्ध शिकारी जिम कार्बेटले पनि आफ्नो किताबमा बाघलाई पर्यावरणको सबैभन्दा ठूलो संरक्षक भनेका छन् । भारतीय लेखिका जया नर्गिसले आफ्नो पुस्तक "पशुओं से प्यार"मा लेखेकी छन्– पर्यावरण र त्यसको सुरक्षाचक्र जनावरको सुरक्षाबेगर पूरा हुँदैन । यदि कुनै पनि जनावरको जाति वा प्रजाति नष्ट हुन्छ भने पर्यावरणीय सन्तुलन बिग्रन्छ र यसको प्रभाव मानिस, जनावर र वनस्पतिमाथि पर्छ ।

वास्तवमैं जनावर र मानिसबीच गहिरो सम्बन्ध रहेको छ, यसबेगर मानव अस्तित्वको कल्पना गर्न सकिंदैन । जनावर नभएको भए न त दुग्ध उद्योग हुन्थ्यो, न त छाला उद्योग । यसैगरी, उनीहरूको सिंहबाट बन्ने काइयो, वाद्ययन्त्र, शोपिस र रगतबाट बन्ने सरेस नै हामीलाई प्राप्त हुन्थ्यो । यस कारण WWF ले सन् १९८६ मा इटालीको सिसलीमा भएको रजत महोत्सवमा विश्वसँग जनावरहरूलाई जोगाउने अपील गरेको थियो । नेपालले पनि जनावरहरूको शिकारमा रोक लगाउनुका साथै जनावरहरूको संरक्षणका लागि जनचेतना फैलाउने काम गरिरहेको छ । यस कारण प्रत्येक वर्ष अक्टुबरको पहिलो साता 'वन्य प्राणी संरक्षण सप्ताह' मनाइन्छ । तर चाहिएको जति प्रतिफल देखा परिरहेको छैन ।

मनोचिकित्सक जेम्स लिन्च र एरन कैचरका अनुसार घरपालुवा जनावरहरूको सम्पर्कमा बस्ने मानिसहरू रक्तचाप र मानसिक तनावबाट मुक्त हुन्छन् । यसैगरी, हृदयघात भइसकेका मानिसहरूले जनावर पाल्दा चमत्कारी लाभ हासिल भएको पाइएको छ । अहङ्कार र रिसको आवेगमा हामीले अरूलाई "किन पशुजस्तो हर्कत गरेको ? तिमी त गदहा हौ" जस्ता वचन बोलेर पशुहरूको अपमान गरिराखेका हुन्छौं । भारतीय कवि मैथिलीशरण गुप्तले सही नै लेखेका छन्– "मैं मनुष्यताको सुरत्व की सीढी भी कह सकता हुँ/किन्तु पतितको पशु कहना भी नहीं सह सकता हुँ ।" न्यायको कुरो त के हो भने हामी जसलाई जे मन लाग्छ भनौं तर त्यस भनाइमा निरीह पशुहरूलाई सामेल गर्नु कदापि उचित होइन । यदि हामी यसो गर्न सक्दैनौं भने स्वयंसँग के प्रश्न गरौं भने के हामीले पशुहरूको बारेमा "जिन्दा हाथी लाखका, मरा सवा लाखका" भन्ने लोकोक्तिको मर्मलाई गम्भीरतापूर्वक बुझ्ने प्रयास गरेका छौं ? होइन भने धन्य छन् कवि दयाराम जसले मरेर पनि मानवजीवनमा भागीदारी निभाउने पशुहरूको बारेमा लेखेका छन्– "भैंसन की खाल के जुत्ता बने भाँतीभाँती/छेरी की खाल कछु जल भर लाई है/गेंडे की खाल को ओढत सिपाही लोग/मृगन की खाल तपस्विन मन भायी है/और मानव..." तर आफूलाई सर्वश्रेष्ठ ठान्ने मानिसको छाला कुनै काम लाग्दैन । कविले भनेका छन्– "कहे कवि 'दयाराम' राम के भजन बिन/मानुस की खाल काहु काम में न आई है ।"

# मिथ्या र भ्रामक सामग्रीलाई समाचारका रूपमा पस्कनुहुँदैन –अध्यक्ष बस्नेत

काठमाडौं, २० जेठ/रासस

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले मिथ्या र भ्रामक सामग्रीलाई सञ्चारमाध्यमले समाचारका रूपमा पस्कन नहुने बताएका छन् । मिथ्या सामग्रीलाई गोलमटोलरूपमा पस्किंदा आम जनमानसलाई भ्रम परेको र त्यसले सञ्चारमाध्यमको विश्वसनीयतामा धक्का लागेकातर्फ सबै सचेत हुनुपर्ने उनले बताए ।

युटचुब व्यवस्थापनका सन्दर्भमा काउन्सिलले आइतवार आयोजना गरेको आचारसंहिता अभिमुखीकरण कार्यक्रममा अध्यक्ष बस्नेतले मिथ्या सामग्री पस्केर पत्रकारितालाई नधुमिल्याउन आग्रह गरे । "माध्यम जुनसुकै होस् तर अहिलेको खाँचो भनेको परिपक्व पत्रकारिताको हो । अरूलाई प्रश्न मात्र उठाउने काम त सबैले गर्न सक्छन्, हामीले विवादरहित, जवाफदेही र जिम्मेवार भएर काम गर्नुपर्छ," अध्यक्ष बस्नेतले भने । उनले स्वस्थ, मर्यादित र जवाफदेही पत्रकारिताले मात्रै समाजको हित गर्ने बताए ।

तस्वीर: सौजन्य




अध्यक्ष बस्नेतले युटचुबमार्फत भइरहेको पत्रकारिता राम्रो भएमा युटचुबकै गरिमा बढ्ने हुँदा पत्रकार आचारसंहिता र मर्यादाको ख्याल गर्न युटचुबरहरूलाई आग्रह गरे । "हाम्रो पेशालाई राम्रो बनाउने दायित्व हाम्रो नै हो, त्यसैले युटचुबमार्फत पत्रकारिता गर्ने हो भने यसको मर्यादामा रहनै पर्छ । मर्यादाभन्दा बाहिर गएपछि त्यो पत्रकारिता हुँदैन," उनले भने ।

प्रेस काउन्सिल नेपालले युटचुबमार्फत सञ्चारकर्म गरिरहेका तर पत्रकार आचारसंहिताको पालनामा कमजोर देखिएका युटचुब सञ्चालकका लागि अभिमुखीकरण कार्यक्रम गर्दै आएको छ । आज भएको चौथो शृङ्खलामा अध्यक्ष बस्नेत, सञ्चारविज्ञ डा भानुभक्त आचार्य र प्रेस काउन्सिल नेपालका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले कार्यपत्र प्रस्तुत गरेका थिए ।

त्यस अवसरमा सञ्चारविज्ञ डा आचार्यले पत्रकारिता क्षेत्र विश्वसनीय र परिणाममुखी बनाउन पत्रकारले सत्यतथ्य सामग्री छनोट गरेर समाचार दिनुपर्ने र त्यसमा प्रेस काउन्सिलको सशक्त उपस्थिति रहनुपर्ने बताए । युटचुबका माध्यमबाट हुने गरेको पत्रकारिताले सामाजिक उत्तरदायित्व वहन नगरेको भन्दै उनले समाचार दिने बेलामा नै पाठकलाई भ्रम छर्ने, गलत दिशानिर्देश गर्ने र समाजमा अपाच्य हुने विषयलाई काँटछाँट गरेर दिन सक्नुपर्नेमा जोड दिए ।

१३० वर्ष पुरानो छापा माध्यमबाट शुरू भएको पीत पत्रकारिताको अभ्यास अहिले डिजिटल माध्यमबाट भइरहेको भन्दै उनले यस्तो पत्रकारिता विश्वका कुनै पनि मुलुकका लागि उपयुक्त नहुने बताए ।

कार्यक्रममा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत खनालले युटचुब व्यवस्थापनका लागि काउन्सिलले गरेका पहल र त्यसको प्रगतिबारे जानकारी दिएका थिए । कार्यक्रममा ३० जना युटचुब सञ्चालक/सम्पादकको सहभागिता थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# गृहमन्त्री लामिछानेविरुद्धको मुद्दामा २८ गते सुनुवाइ हुने

काठमाडौं, २० जेठ/रासस

सर्वोच्च अदालतले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेविरुद्ध पेश भएको रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले आइतवार उक्त विवादमा सुनुवाइपछि अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

अदालतले अन्तरिम आदेश दिने वा नदिने भन्ने विषयमा यही जेठ २८ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ । लामिछानेमाथि विभिन्न जिल्लामा रहेको अभियोगपत्र र जाहेरीसहित इजलासमा पेश गर्नसमेत भनिएको छ ।

“प्रस्तुत विषय चाँडो टुङ्गो लाग्नुपर्ने प्रकृतिको देखिंदा सुनुवाइलाई अग्राधिकार दिई मिति २०८१ जेठ २८ गतेका लागि छलफल हुनेछ,” आदेशमा भनिएको छ, “मिति तोकी उक्त मितिमा महान्यायाधिवक्ताको कार्यालयबाट लेखिएको चनं ३२७५ मिति २०८१/१/२४ को पत्र र जिल्ला प्रहरी कार्यालय, कास्कीमा पेश गरिएको भनिएको ठगीसम्बन्धी कसूरको मिति २०८०/१०/२२ मा दर्ता भएको जाहेरी दरखास्तको प्रमाणित प्रतिलिपिसहित उपस्थित हुन सो बेहोराको सूचना विपक्षीलाई दिई नियम अनुसार पेश गर्नु ।

”आदेशमा मागबमोजिमको आदेश जारी गर्नुपर्ने मनासिब आधार र कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयको हकमा आफैं तथा अन्य विपक्षीको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न पनि आदेश गरिएको छ ।

सहकारीको रकम अपचलनमा संलग्न रहेको देखिएको उल्लेख गर्दै अधिवक्ता अनुपम भट्टराईले उपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेलाई पदबाट हटाउन माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन पेश गरेका थिए ।

न्यायाधीश टेकप्रसाद ढुङ्गानाको इजलासले यही जेठ ९ गते गृहमन्त्रीविरुद्ध पेश भएको रिट निवेदन दर्ता गर्न आदेश गरेको थियो ।

# जेठ अन्तिमदेखि मनसुन भित्रिंदै, सरदरभन्दा बढी वर्षा हुने

काठमाडौं, २० जेठ/रासस

यस वर्षको मनसुन यही जून १३ अर्थात् जेठ ३१ गतेदेखि नेपाल प्रवेश गर्ने आकलन गरिएको छ । यद्यपि मनसुन भित्रिने सरदर मितिभन्दा केही दिन तलमाथि पर्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

मनसुन हाल भारतको उत्तरपूर्वी भूभाग, बङ्गलादेश, भुटान हुँदै भारतको सिक्किमसम्म आइपुगेको विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । नेपालको पूर्वी भूभागमा मनसुन आगमन हुने सरदर मिति जून १३ आकलन गरिएको भएपनि त्यसअघि नै भित्रिने देखिन्छ ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले नेपालमा मनसुन जून १३ आसपास भित्रिने बताए । हाल मुलुकका विभिन्न भूभागमा भइरहेको वर्षा मनसुनी वायुको प्रभाव नभई स्थानीय प्रणाली, पश्चिमी वायु र उत्तर प्रदेश तथा बिहार आसपासको न्यून चापीय प्रणालीको प्रभाव भएको उनले जानकारी दिए । नेपालमा सामान्यतया मनसुन सरदर अवधि जेठ १९ देखि असोज १४ गतेसम्म मानिन्छ ।

तर मनसुन भित्रिने र बाहिरिने अवधि केही दिन तलमाथि हुने गरेको छ । यस्तै, आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ ।

सुदूरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भूभाग, बाग्मती प्रदेशको दक्षिण-पूर्वी भूभाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिमी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ । अधिकतम तापक्रम देशका अधिकांश स्थानमा सरदरभन्दा बढी देखिएको छ ।

ऋतुगत जलवायु विभिन्न सामुद्रिक, वायुमण्डलीय, भूमण्डलीय, हिममण्डलीय र जैविकीय प्रणालीमा निर्भर रहन्छ । मनसुनको आकलन विश्व मौसम सङ्गठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको हावापानी प्रारूपहरूको आकलन र दक्षिण एशियाली जलवायु दृष्टिकोण मञ्चको आकलनको आधारमा तयार गरिएको विभागका प्रवक्ता सुनील पोखरेलले जानकारी दिए ।

साथै यो आकलन तयार गर्दा नेपालको मनसुन सिजनको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने ‘एन्सो’ (एल निनो एन्ड साउदर्न ओस्सिलोशन) तथा हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय प्रणालीको हालको अवस्थालाई विश्लेषणका आधारमा गरिएको हो ।

यसबाहेक जलवायु प्रारूपको मनसुन सिजनको आकलन, युरोप तथा एशियामा गत हिउँद तथा प्रि-मनसुनको सिजनमा परेको हिउँ, अन्तरऋतु परिवर्तनशीलताका कारकलाई मध्यनजर गरिएको छ । प्रवक्ता पोखरेलले भने, “हाल ‘एन्सो’ तटस्थ अवस्थामा रहेको छ र आगामी मनसुन सिजनमा ‘ला निना’ को अवस्था विकसित हुने अन्तर्राष्ट्रिय प्रारूपहरूको आकलन रहेको छ ।

त्यसैगरी हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय सामुद्रिक तापक्रम सूचक हाल तटस्थ रहेको र आगामी मनसुन सिजनमा घनात्मक हुने आकलन गरिएको छ ।”

जलवायु विज्ञ डा धर्मराज उप्रेतीले यो वर्षको मनसुन शनिवारसम्म भारतको आसाम, सिक्किम र सो वरिपरिका भागमा पुगिसकेको बताए । उनले भने, “भारतको केरलामा निर्धारित मितिभन्दा दुई दिनअघि र आसाम तथा मेघालयमा छ दिनअघि नै मनसुन पुगेको देखिन्छ । यही विषयलाई आकलन गर्दा भारतका भूभागसँग सिमाना जोडिएको कोशी प्रदेशमा मनसुन निर्धारित मितिभन्दा एक साताअघि नै प्रवेश गर्ने आकलन गर्न सकिन्छ ।”

गत वर्ष आसाम र सिक्किममा मनसुन पुगेको तीन दिनमा कोशी, मधेस र गण्डकी प्रदेशमा पुगेको थियो । गत वर्ष आसाममा जून १२ मा पुगेको मनसुन यो वर्ष मे ३१ मैं पुगेको छ । त्यो गत वर्षभन्दा १२ दिन अगाडि हो ।

मनसुनी वायु थप सक्रिय हुने वातावरण बनेको हुनाले कोशी प्रदेशमा आगामी तीनदेखि पाँच दिनमैं मनसुन सक्रिय हुने अनुमान गर्न सकिन्छ ।

# ‘नेल पलिस’को गन्ध आएपछि धावनमार्गबाट विमान फर्काइयो

काठमाडौं, २० जेठ/रासस

काठमाडौंबाट धनगढी उड्ने तयारीमा रहेको श्री एयरलाइन्सको विमान धावनमार्गबाट पुनः ‘पार्किङ वे’मा फर्काइएको छ ।

“धावनमार्गमा गुडिसकेको विमानमा नेल पलिसको गन्ध आएपछि पार्किङ वेमा ल्याइयो”–यात्री मञ्जु शाहीले भनिन्–“नेल पलिसको गन्धका कारण विमान फर्काइएको हल्ला चलेको छ । विमानको प्राविधिक परीक्षणपछि उडाउने भनिएको छ ।” यात्रीलाई बसमा राखिएको छ । विमानको ८ः२५ बजेको उडान तालिका थियो ।

विमानभित्र इन्धनको गन्ध आएको र प्राविधिक परीक्षणका लागि फर्काइएको एयरलाइन्सका व्यवस्थापक अनिल माननधरले राससलाई जानकारी दिए । अर्को विमानबाट यात्रीलाई गन्तव्यतर्फ पठाउने तयारी भइरहेको उनले बताए ।

# वीरगंज औद्योगिक क्षेत्रको विद्युत् आपूर्ति सुधार गरिंदै

काठमाडौं, २० जेठ/रासस

औद्योगिक नगर वीरगंज र आसपासका क्षेत्रमा सहज विद्युत् आपूर्ति गर्न नेपाल विद्युत् प्राधिकरणले द्रुत गतिमा उच्च क्षमताका विद्युत् प्रसारण लाइन तथा सबस्टेशनको निर्माण शुरू गरेको छ ।

औद्योगिक करिडरमा सञ्चालित र आगामी दिनमा खुल्ने उद्योगलाई उच्च क्षमताको विद्युतीय संरचना आवश्यक परेको हो । वीरगंजसहित बारा-पर्सा औद्योगिक करिडरस्थित उद्योगहरूलाई विद्युत् आपूर्ति गर्न चालू प्रसारण लाइन तथा सबस्टेशनको स्तरोन्नति भइरहेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार उच्च क्षमताका केही प्रसारणलाइन तथा सबस्टेशन निर्माणाधीन छन् भने केही प्रस्तावित छन् ।

बारा-पर्सा औद्योगिक करिडरमा पर्ने सिमरा, निजगढ, वीरगंज, परवानीपुर, पोखरिया, प्रसौनीलगायत क्षेत्रमा प्राधिकरणले उच्च क्षमताका विद्युत् प्रसारण तथा वितरणका पूर्वाधार क्रमिकरूपमा बनाउन लागेको हो ।

प्राधिकरणले बाराको पथलैया (पिलुवा) सबस्टेशनदेखि परवानीपुरसम्म करीब १८ किलोमिटर १३२ केभी डबल सर्किट प्रसारण लाइनको तार (कन्डक्टर) बदलेर नयाँ राख्ने काम अन्तिम चरणमा पुऱ्याएको छ । डबल सर्किटमध्ये एउटा सर्किटबाट विद्युत् आपूर्ति बन्द गरी पुरानो ‘कन्डक्टर’ निकाली उच्च क्षमता (एचटिएलएस) राख्ने काम भइरहेको छ । एउटा सर्किटको काम सकिएपछि सञ्चालन गरी दोस्रो सर्किटको काम शुरू हुनेछ । प्रसारणलाइनको स्तरोन्नति आगामी असारको पहिलो हप्ताभित्र सकिनेगरी काम भइरहेको छ । पथलैया (पिलुवा)–परवानीपुर प्रसारणलाइनबाट करीब २०० मेगावाट प्रवाह गर्न सकिनेमा ‘कन्डक्टर’ बदलेपछि क्षमता दोब्बर हुने जनाइएको छ ।

हेटौंडा-पथलैया (पिलुवा) १३२ केभी प्रसारण लाइनको पनि ‘कन्डक्टर’ बदलेर क्षमता दोब्बर बनाइसकिएको छ । यसले परवानीपुरतर्फ थप विद्युत् प्रवाहका लागि सहज हुनेछ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शनिवार स्थलगत अनुगमन गरी ‘कन्डक्टर’ बदल्ने



तस्वीरः रासस

कार्य छिटो सम्पन्न गर्न निर्माण व्यवसायी र आयोजना व्यवस्थापनलाई आग्रह गरेका छन् ।

कार्यकारी निर्देशक घिसिङले भने–“प्रसारणलाइनको क्षमता स्तरोन्नतिको कामका लागि एउटा सर्किट बन्द गर्नुपर्दा वीरगंज क्षेत्रमा विद्युत् आपूर्तिको समस्या भएको गुनासो आइरहेको छ, अर्कोतर्फ पथलैयाबाट थप विद्युत् पठाउन नसक्दा रक्सौलबाट विद्युत् आयात गर्नुपरेको छ, त्यसैले यस्तो संवेदनशील अवस्थामा गम्भीर भएर निर्धारित समय अघि नै काम सक्नुपर्छ ।”

घिसिङले अब पथलैया-परवानीपुर प्रसारण लाइनको क्षमता हालभन्दा दोब्बर हुने भएकोले त्यस क्षेत्रमा खपत गरी बाँकी विद्युत् रक्सौलतर्फ निर्यात गर्न सकिने जानकारी दिए । वीरगंज क्षेत्रका उद्योगहरूले १३२ केभी प्रसारण लाइनबाटै विद्युत् आपूर्ति लिन सक्ने गरी उच्च क्षमताका प्रसारण लाइन तथा सबस्टेशनहरू निर्माणाधीन रहेको उनले बताए ।

त्यस क्षेत्रका उद्योगलाई लक्षित गरी बाराको प्रसौनी र वीरगंजमा १३२ केभीका दुईवटा सबस्टेशन निर्माणाधीन छन् । विद्युत्को बढ्दो औद्योगिक माग पूर्ति गर्न परवानीपुरबाट पोखरियासम्म १३२ केभी प्रसारणलाइन प्रस्ताव गरिएको छ । पोखरियामा सबस्टेशन निर्माणाधीन छ । परवानीपुरदेखि पोखरियासम्म करीब २१ किलोमिटर प्रसारणलाइनको डिजाइन तयार भइसकेको छ ।

हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारणलाइन अन्तर्गत बाराको निजगढमा ४०० केभी सबस्टेशन निर्माण गरी उक्त लाइनलाई रमौली हुँदै पोखरिया पुऱ्याउने गरी अर्को आयोजना शुरू गरिएको छ । प्रस्तावित उक्त ४०० केभी प्रसारणलाइन आयोजनाको लम्बाइ ६५ किलोमिटर हुनेछ ।

निजगढ, रमौली र पोखरियामा ४०० केभीका तीनवटा सबस्टेशन निर्माण गरिने छन् । निजगढ-रमौली-पोखरिया प्रसारणलाइनको सर्भे सम्पन्न भइसकेको छ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको प्रक्रियामा छ ।

निजगढ सबस्टेशन भारतको निर्यात आयात (एक्जिम) बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण गरिनेछ । निजगढ-रमौली ३८ किलोमिटर प्रसारण लाइन र रमौलीमा सबस्टेशन एशियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण गरिने छ । रमौली-पोखरिया २७ किलोमिटर प्रसारणलाइन र पोखरिया सबस्टेशनको लगानी स्रोत जुटिसकेको छैन ।

# एक महीनामा भित्रिए ९० हजार विदेशी पर्यटक

काठमाडौं, २० जेठ/रासस

सन् २०२४ को मे महीनामा ९० हजार विदेशी पर्यटक भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले आइतवार सार्वजनिक गरेको तथ्याङ्क अनुसार मे महीनामा जम्मा ९० हजार २११ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

सन् २०२३ को तुलनामा यस वर्ष पर्यटक आगमन १६ दशमलव १० प्रतिशतले वृद्धि भएको हो । सन् २०२३ को मेमा ७७ हजार ७०३ जना विदेशी पर्यटक नेपाल आएका थिए । कोभिड-१९ महामारीपूर्व ७८ हजार तीन सय विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

विदेशी पर्यटक आगमन उत्साहजनक रहेको बोर्डका निर्देशक मणिराज लामिछानेले बताए । उनले भने, “समग्रमा पर्यटक आगमन उत्साहजनक देखिन्छ । तुलनात्मकरूपमा भारत र अमेरिकाबाट धेरै सङ्ख्यामा पर्यटक भित्रिए पनि चीनबाट अपेक्षितरूपमा पर्यटक बढेका छैनन् ।”

विगतका महीनामा झैं यपिटक पनि सबैभन्दा बढी छिमेकी मुलुक भारतबाट ३८ हजार २८८ जना पर्यटक नेपाल भित्रिएका छन् । सोही अवधिमा अर्को छिमेकी मुलुक चीनबाट आठ हजार ३८१ जना पर्यटक नेपाल आएका छन् ।

संयुक्त राज्य अमेरिकाबाट आठ हजार ५२७ जना पर्यटक नेपाल भित्रिएका छन् ।



**निर्माणाधीन पूर्व-पश्चिम राष्ट्रिय प्रसारण लाइनः** सर्लाहीको बाग्मती नगरपालिका-११ स्थित हरिहर क्षेत्रमा निर्माणाधीन पूर्व-पश्चिम राष्ट्रिय प्रसारण लाइन अन्तर्गतको संरचना । तस्बिरः सिंगबहादुर थापा/रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

काठमाडौं, २० जेठ/रासस

यो सातामा कारोबारको पहिलो दिन आज नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कले वृद्धि भएको छ । आज नेप्से परिसूचक १३ दशमलव ५१ अङ्क बढेर दुई हजार ८३ दशमलव ०४ को बिन्दुमा कायम भएको हो ।

आज ३२५ कम्पनीका ९६ लाख ९७ हजार २०६ कित्ता शेयर ६५ हजार ६५४ पटक खरीद-बिक्री हुँदा रु चार अर्ब ३१ करोड १० लाख १५ हजार ६२९ बराबरको कारोबार भएको छ । आजको कारोबारमा लगानी समूह शून्य दशमलव २३, उत्पादन तथा प्रशोधन दुई दशमलव ४० र म्युचुअल फन्ड शून्य दशमलव ०५ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन् ।

सबैभन्दा धेरै व्यापार समूहको छ दशमलव ५६ र वित्त समूहको उपसूचक दुई दशमलव १७ प्रतिशतले बढेका छन् । त्यस्तै, बैंकिङ एक दशमलव ११, विकास बैंक शून्य दशमलव २२, होटल तथा पर्यटन शून्य दशमलव ४६ र जलविद्युत् एक दशमलव २६ प्रतिशतले बढेका छन् । जीवन बीमा समूह शून्य दशमलव ७७, लघुवित्त समूह शून्य दशमलव ५२ र अन्य समूह शून्य दशमलव ९६ प्रतिशतले बढेका छन् ।

मल्टीपर्पस फाइनान्स कम्पनी लिमिटेड र मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य नौ दशमलव १३ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु २२ करोड ६४ लाख १३ हजार २८ बराबरको तीन लाख ८२ हजार ३५ कित्ता शेयर किनबेच भएका छन् ।

# निर्णायक र नेतृत्वदायी पदमा महिला सहभागिता न्यून

विचार



अमृता अनमोल

**निर्णायक तहमा महिला नेतृत्व बढाउन राजनीतिक दल र सरकारमा महिला सहभागिता बढाउनुपर्छ। प्रदेशसभा सदस्य र सङ्घीय सांसदमा जस्तै मन्त्रिपरिषद्मा पनि अनिवार्य ३३ प्रतिशत महिला हुनुपर्ने कानूनी व्यवस्था गरिनुपर्छ।**

नेपालको संविधानले राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्न निर्देश गरेको छ। राज्य एकात्मक शासन प्रणालीबाट सङ्घात्मक शासन प्रणालीमा रूपान्तरण भएको छ। यससँगै शक्ति संरचना र निर्णायक तहमा महिला जाने प्रक्रिया बढेको छ। नेपाली महिलाहरूको, नीति निर्माण, निर्णय र राज्य सञ्चालन प्रक्रियामा सहभागिता बढेको छ। स्थानीय तहको वडा सदस्यदेखि सङ्घीय संसद्मा सांसद महिलाहरू बढेका छन्। तर, देश हाँक्ने सबैभन्दा ठूलो कार्यकारी तह मन्त्रिपरिषद्मैं ३३ प्रतिशत महिला छैनन्। प्रदेश सरकार र स्थानीय तहका कार्यकारी र निर्णायक पदमा पनि महिला प्रतिनिधित्व कमजोर छ।

राज्यले नियुक्त गर्ने संवैधानिक आयोग, कूटनीतिक नियोग र उच्चपदस्थ नियुक्तिहरूमा महिला सहभागिता न्यून छ। निर्णायक र नेतृत्वदायी तहमा महिला नहुँदा उपस्थिति बढे पनि अपेक्षा अनुरूप नीतिगतरूपमा महिलामैत्री काम हुन सकेका छैनन्। नेपाली समुदायमा पितृ सत्तात्मक व्यवहार र अभ्यास अझै बाँकी छ। परम्परागत संरचना र मूल्य मान्यताले पितृ सत्तात्मक सोच फेर्न सकेको छैन। त्यही पितृ सत्तात्मक सोचले कानूनी बाध्यताबाहेक महिलालाई कार्यकारी र निर्णायक तहमा जान रोकेको हो। उदाहरणको रूपमा लुम्बिनी प्रदेशमा हेरौं। लुम्बिनी प्रदेशको ठूलो दल एमालेमा १० महिलासहित २९ जना प्रदेशसभा सदस्य छन्। तर, सरकारमा पाँच मन्त्री बनाउँदा एमालेले एउटै पनि महिला मन्त्री बनाउन सकेन। प्रदेशसभाको संसदीय समितिमा तीन मन्त्री सभापति हुँदा समेत एक महिला खोजिएन। यति मात्र होइन, एमालेले आफ्नै पाटीभित्र संसदीय दलको नेता र प्रमुख सचेतकमा पनि महिला राखेको छैन। एमालेभित्र सक्षम महिला प्रदेशसभा सदस्य नभएका हुन् वा अन्य कारणले दलका नेताहरू तैंचुप मैचुपमा छन्। यद्यपि प्रत्यक्षबाट जितेका प्रदेशसभाका सदस्य महिला नभएकाले मन्त्री वा विषयगत समितिको सभापति पद दिन नसकिने भन्दै आफ्ना आवाज नसुन्ने गरेको गुनासो महिला प्रदेशसभा सदस्यहरूको छ।

लुम्बिनीमैं ११ प्रदेशसभा सदस्य रहेको माओवादी केन्द्रमा चार महिला छन्। माओवादीले मुख्यमन्त्री जोखबहादुर महरा बन्दा आफ्नो पार्टीबाट मन्त्रीमा समेत समेटेको छैन। बरु प्रदेशसभाको संसदीय समितिको सभापतिमा एक महिलालाई थन्काएको छ। लुम्बिनी प्रदेश सरकारमा पाँच दलसहित एक स्वतन्त्र सहभागी छन्। लैङ्गिक हिसाबले पुरुष मात्रै सहभागी मन्त्रिपरिषद्मा सानो दल नेकपा (एस)बाट भगवती अधिकारी मन्त्री बनेकी छन्। त्यो पनि नेकपा एकीकृतबाट उनी मात्रै प्रदेशसभा सदस्य भएकीले सामाजिक विकास मन्त्रालय फुटाएर महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बनाएर जिम्मा दिइएको छ। दश दल सहभागी लुम्बिनी प्रदेशमा ३३ महिला प्रदेशसभा सदस्य छन्। यस अघि नेपाली काङ्ग्रेसले पनि महिलालाई मन्त्री पद दिएको थिएन।

लुम्बिनी प्रदेशमा जस्तै अन्य प्रदेशमा पनि असमावेशी मन्त्रिपरिषद् छ। प्रदेशसभाका विषयगत समिति असमावेशी छन्। संसदीय दल र दलका नेतामा महिला–नेतृत्व छैन। देशको मूल कानून संविधान हो भने मूलनीति राजनीति हो। सङ्घीयताको जगमा बनेको प्रदेश संरचनामैं राजनीतिक दलहरूले कार्यकारी तहमा महिला नलैजानु सङ्घीयता र संविधानको समावेशी नीति विपरीत हो। असमावेशिताको पराकाष्टा हो। यसर्थ, राज्य सञ्चालन प्रक्रियाको कार्यकारी तहमा पुरुष मात्रै जाने र महिला नलैजाने राजनीतिक दलहरूको क्रियाकलाप सच्याउन जरूरी छ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका देशका शासन पद्धतिका महत्त्वपूर्ण अङ्ग हुन्। कानूनी प्रावधानले गर्दा प्रतिनिधिसभा र राष्ट्रियसभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ। प्रदेशसभामा ३४ प्रतिशत महिला छ। स्थानीय तहमा बढेर ४१ प्रतिशत छ। यी उपलब्धि हुन् भए पनि कानूनीरूपमा बाध्यतावश पद हुन्। देशका तीनै अङ्गका प्रमुख, पुरुष छन्। प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख तीनै पदमा पुरुषको नेतृत्व छ। राष्ट्रपति पुरुष छन्। सङ्घीयतापछि बनेका सात प्रदेश सरकार, कुनैमा मुख्यमन्त्री महिला छैनन्। न प्रदेश प्रमुख नै महिला छन्।

संवैधानिक बाध्यता नहुँदा प्रदेश र सङ्घीय सरकारमा ३३ प्रतिशत महिला छैनन्। ५५३ स्थानीय तहमध्ये २५ वटामा मात्रै महिला प्रमुख वा अध्यक्ष छन्। देशको सबैभन्दा उच्च कार्यकारी पद प्रधानमन्त्री अझै महिला बन्न सकेका छैनन्। प्रदेश सरकार स्थापनाको सात वर्ष बित्दासम्म मुख्यमन्त्री महिला बनेका छैनन्। बाध्यकारीबाहेक पदमा महिलालाई अगाडि बढाउन नखोज्ने प्रवृत्ति सबैजसो दलमा छ। यही प्रवृत्ति महिला सहभागिता र नेतृत्वको बाधक हो। महिलालाई शासक होइन सेवक ठान्ने प्रवृत्ति हो। पितृसत्ताले गाँजिएका दलका नेताहरूको मनमा रहेको पितृसत्ताको घर नफाल्दासम्म राजनीतिक दल र सरकारको शासन पद्धतिमा निर्णायक तहमा महिला जान सक्ने अवस्था देखिंदैन।

महिला सहभागिता हुँदै महिला नेतृत्व लैङ्गिक समानता दिगो विकास र न्यायिक विकासका सूचक हुन्। व्यवस्थापिका अन्तर्गत अहिले प्रतिनिधिसभा र राष्ट्रियसभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ। प्रदेशसभामा ३४ प्रतिशत महिला छन्। स्थानीय तहमा बढेर ४१ प्रतिशत महिला छन्। यी महिलाले हासिल गरेका उपलब्धि हुन्। सजिलोगरी भन्दा कानूनी रूपमा बाध्यतावश महिलालाई दिनैपर्ने पद हुन्। राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्ने हो भने सबैभन्दा पहिले कार्यकारी पदमा महिला ल्याउनुपर्छ। त्यो भनेको तीन तहकै सरकारमा ३३ प्रतिशत महिला अनिवार्य राख्ने व्यवस्था हुनुपर्छ। सङ्घीय र प्रदेश सरकार दुवैमा कुल मन्त्रिपरिषद् सदस्य जोड्दा ३३ प्रतिशत महिला हुनैपर्ने कानूनी व्यवस्था हुनुपर्छ। नत्र मन्त्रिपरिषद्मा एक वा दुई मन्त्री राखेर लैङ्गिक समावेशीको उद्देश्य पूरा हुँदैन। यो मात्र हात्तीको दाँतजस्तै हुन्छ।

नेपालको समावेशी संविधानको जगमा बनेको १३ वटा संवैधानिक आयोगको व्यवस्था गरिएको छ। ती अखितयार दुरुपयोग अनुसन्धान, लोकसेवा, निर्वाचन, राष्ट्रिय महिला, प्राकृतिक स्रोत तथा वित्त, महालेखा, मानव अधिकार, आदिवासी जनजाति, मधेशी, थारू, समावेशी, मुस्लिमलगायत १३ वटा आयोग हुन्। राष्ट्रिय महिला आयोगबाहेक अरू १२ वटै आयोगमा अध्यक्ष पुरुष छन्। अधिकार सम्पन्न यस्ता आयोगमा महिलालाई अध्यक्षता नदिने मात्र होइन, ३३ प्रतिशत महिलाको नियुक्तिसमेत छैन।

राज्यका निर्णायक तह र सार्वजनिक नीति निर्माण तहमा महिला सहभागिता बढाउने दुई विधि छन्। ती हुन्– स्वतन्त्र निर्वाचन र सरकारी सेवा प्रवेश। राजनीतिक वा स्वतन्त्ररूपमा जनमत पाएर वा सरकारबाट नियुक्त भएर जाने पद मात्र होइन, आफ्नो शैक्षिक र बौद्धिक बलबूताबाट जाने उच्चस्तरीय पदमा पनि महिला नेतृत्व छैन। सुरक्षा संयन्त्रकै कुरा गरौं, नेपाली सेना, सशस्त्र र नेपाल प्रहरी तीनै सुरक्षा निकायमा महिला प्रमुख छैनन्। विसं २००७ देखि महिलालाई भर्ना लिन थालेको नेपाल प्रहरीमा अहिलेसम्म महिला प्रहरी प्रमुख बनाइएका छैनन्। विसं १९६१ देखि महिलालाई भर्ती लिन थालेको नेपाली सेनामा पनि उस्तै छ। शुरूमा प्राविधिक फाँटमा महिलालाई भर्ना लिन थालेको सेनाले बिस्तारै नर्सिङ, चिकित्सक, इन्जिनीयर हुँदै विसं २००४ देखि सैन्य जवानमा महिला भर्ती लिन थालेको थियो।

विडम्बना सेनामा अहिलेसम्म प्रमुख महिला बनेका छैनन्। दुवै सुरक्षा संयन्त्रमा अब पनि तत्काल प्रमुख बन्ने लाइनमा महिला छैनन्। प्रशासनिक क्षेत्रमा मुख्य सचिव सबैभन्दा ठूलो तह हो। निजामती क्षेत्रबाट देशको प्रशासन चलाउने मुख्य सचिव पनि पुरुष नै छन्।

शिक्षा, योग्यता र अनुभवका आधारमा पुगिने यस्ता पदमा पनि महिला प्रमुख हुन सकेका छैनन्। सातवटै प्रदेशमा रहेका प्रमुख सचिव पनि पुरुष छन्। स्थानीय तहमा पनि अधिकांशमा प्रमुख प्रशासकीय अधिकृत पुरुष राखिएका छन्। प्रशासनिक क्षेत्रमा समान तहमा रहेका महिलालाई पनि प्रमुखको भूमिकामा नपठाइनु महिला नेतृत्व नस्विकार्नुको अर्को उदाहरण हो।

निष्कर्षमा संवैधानिक सुनिश्चितता भएकोले राज्य सञ्चालन प्रक्रियामा महिलाको सहभागिता बढेको छ। यो राम्रो कुरा हो। तर समावेशी लोकतान्त्रिक अभ्यास शुरू भएको डेढ दशक बित्न लाग्दा पनि महिला नेतृत्व स्थापित भएको छैन।

कार्यकारी, निर्णायक र नेतृत्व प्रदान गर्ने पदमा महिला उपस्थिति कमजोर छ। महिलाको भूमिका आत्मसात् गरी समाज परिवर्तन गर्न हरेक क्षेत्रमा महिला नेतृत्व आवश्यक छ। त्यसका लागि संरक्षण, सम्मान, हौसला र गर्वका साथ महिलालाई नेतृत्व तहमा पुऱ्याउन सघाउनुपर्छ।

विश्वमा सन् २०३० सम्म लैङ्गिकरूपमा महिला पुरुषको समान सहभागिताको लक्ष्य निर्धारण गरिएको छ। दिगो विकास लक्ष्य पूरा गर्न पनि महिलालाई निर्णायक र नेतृत्व तहमा पुऱ्याउन काम गर्नुपर्नेछ।

तीनै तहमा संस्थागत संयन्त्र सुदृढ र उत्तरदायित्व विकास गर्नुपर्नेछ। निर्णायक तहमा महिला नेतृत्व बढाउन राजनीतिक दल र सरकारमा महिला सहभागिता बढाउनुपर्छ। प्रदेशसभा सदस्य र सङ्घीय सांसदमा जस्तै मन्त्रिपरिषद्मा पनि अनिवार्य ३३ प्रतिशत महिला हुनुपर्ने कानूनी व्यवस्था गरिनुपर्छ। संवैधानिक आयोगमध्ये एकतिहाईमा प्रमुख महिला हुने व्यवस्था गरिनुपर्छ।



**अकबरे खुर्सानीखेती:** भोजपुर नगरपालिका–५ बोखिमका किसानले मल्चिङ प्रविधिबाट गरिरहेको अकबरे (डल्ले) खुर्सानीखेती। यहाँका किसानले व्यावसायिक अकबरे खुर्सानीको खेतीबाट मनग्य आम्दानी गर्दै आएका छन्। तस्बिरः युवराज विष्ट/रासस

## फरक समाचार

# विषाक्त सम्बन्ध कसरी व्यवहार गर्ने

सामान्यतया हामी विषाक्त सम्बन्धबारे कुरा गर्छौं तर मित्रतामा तीतोपनको सम्भावना पनि हुन्छ। सुन्दर सम्बन्धलाई विषाक्त बनाउने यस्ता साथीहरूसँग



हुनुहुन्छ भने एक दिन उसले तपाईंलाई पछाडिबाट छुरा हान्ने डर सधैं रहन्छ। तपाईंले टक्सिक फ्रेन्ड (विषाक्त साथी)सँग कसरी व्यवहार गर्ने र मित्रता कायम राख्नुपर्छ कि पर्दैन भनेर जान्नुपर्छ।

**आरामसँग कुराकानी गर्ने** : यदि तपाईं कसैसँग लामो समयदेखि साथी हुनुहुन्छ भने दुवैजना आरामसँग कुरा गर्न सक्नुहुन्छ र समस्या समाधान गर्न सक्नुहुन्छ। सम्भव छ तपाईंको अगाडिको व्यक्तिले तपाईंको कुरा गम्भीरतापूर्वक लेला र त्यसपछि उसले व्यवहारमा परिवर्तन ल्याउला। धेरैपटक कुरा गरेर समस्या समाधान गर्न सकिन्छ। त्यस कारण विनम्रतापूर्वक बताउनुहोस् कि तपाईंले कस्तो समस्याको सामना गर्दै हुनुहुन्छ।

**उसको नराम्रो व्यवहार इङ्गित गर्नुहोस्** : यदि उसले तपाईंसँग असहनीय व्यवहार वा कुरा गरिरहेको छ भने त्यसलाई सहनुको सट्टा कडाइका साथ भन्नुहोस् यो गलत हो र यस्तो गर्नुहुँदैन। यसबाट बहस वा विवाद निम्तिन सक्छ तर चुप बस्नुहुँदैन। झगडापछि अब उसले सम्बन्ध राख्ने वा नराख्ने भन्ने कुरा साथीमाथि छोडिदिनुपर्छ।


**दूरी राख्नुहोस्** : सो व्यक्तिलाई पूर्णरूपमा त्याग्नु अघि एउटा मौका दिनुपर्छ। त्यसैले पहिले थोरै दूरी बनाउन शुरू गर्नुपर्छ। उदाहरणको लागि उसको फोन कल उठाउन कम गर्नुहोस्, सामाजिक सञ्जालमा उसको पोस्टप्रति टिप्पणी नगर्नुहोस्। होली, दीपावली, चाडपर्व र मित्रता दिवसको शुभकामना नदिनुहोस्। यसो गर्दा उसलाई केही अनौठो लाग्न सक्छ र तपाईंसँग कारण सोध्न सक्छ। यस्तो अवस्थामा उसलाई सम्झाउनुपर्छ । यदि उसले तपाईंको कमी महसूस गर्छ भने आफ्नो व्यवहारमा सुधार ल्याउँछ अथवा तपाईंबाट अलग हुन्छ।

**पूर्णरूपमा अलग हुनुहोस्** : जब तपाईंका सबै प्रयास असफल हुन्छन्, त्यति बेला तपाईंले सर्प पाल्नुको कुनै अर्थ रहँदैन। विषाक्त मित्रदेखि टाढा हुनुपर्छ तर सामाजिक सञ्जाल र फोन कललाई ब्लक गर्नुहुँदैन। त्यसको साटो प्रतिक्रिया वा जवाफ नदिन पनि सकिन्छ।

# के हो हिट स्ट्रेस ? जसले धेरैको ज्यान लियो

गर्मीको यातना रोकिएको छैन। भीषण गर्मी र लूका कारण भारतको विभिन्न प्रान्तमा ८५ जनाभन्दा बढीको मृत्यु भएको छ।

हिट स्ट्रेस (गर्मी तनाव) त्यति बेला हुन्छ, जब शरीरको आन्तरिक तापक्रम नियन्त्रण गर्ने क्षमता अत्यधिक गर्मीको कारण बिग्रन्छ। अत्यधिक गर्मीका



कारण शरीरको तापक्रम द्रुत गतिमा बढ्न थाल्छ। पसिना आउनु भनेको शरीरलाई चीसो पार्ने प्राकृतिक तरीका हो, तर जब शरीर धेरै तातो हुन्छ र पसिना छिट्टै सुक्छ वा तरल पदार्थको सेवन पर्याप्त हुँदैन, शरीरको तापक्रम खतरनाकरूपमा बढ्न सक्छ। हावाको उच्च तापक्रम, उज्यालो तापका स्रोतहरू, उच्च आर्द्रता, तातो वस्तुहरूसँग प्रत्यक्ष सम्पर्क र अत्यधिक शारीरिक गतिविधि जस्ता धेरै कारणले हिट स्ट्रेस उत्पन्न हुन्छ।

**हिट स्ट्रेसका लक्षण**

तीव्र तिर्खा लाग्नु र चक्कर लाग्नु, धेरै पसिना आउनु वा पसिना नआउनु, तीव्र टाउको दुख्नु, मांसपेसी दुःखाइ वा कमजोरी, वाकवाकी वा बान्ता लाग्नु, छाला रातो हुनु र तातो हुनु, बेहोशी।

**हिट स्ट्रेसबाट कसरी बच्ने ?**

घामको किरणबाट जोगिने, घरभित्रै बस्ने। बिहान १० देखि ४ बजेसम्म कडा घाम लाग्ने हुनाले छायादार स्थानमा बस्ने, पर्याप्त मात्रामा तरल पदार्थ पिउने, पानी, मही, फलफूलको जुसजस्ता तरल पदार्थ दिनभरि सेवन गर्नुपर्छ। हलुका सुतीको कपडा लगाउने, जसले पसिना सोस्छ। घाममा निस्कँदा टोपी वा छाता प्रयोग गर्ने, यदि सम्भव छ भने दिनको समय एसी कोठामा बिताउनुपर्छ। अत्यधिक गर्मीमा अत्यधिक व्यायाम वा अत्यधिक शारीरिक क्रियाकलाप गर्नुहुँदैन।

**हिट स्ट्रेस भएपछि के गर्ने ?** व्यक्तिलाई चीसो ठाउँमा लगेर आराम गराउनुपर्छ। खुला कपडा लगाउने, चीसो पानीले शरीर पुछ्ने, ओआरएस वा घरेलु घोल पिउनुपर्छ। एक लिटर पानीमा एक चम्चा चिनी र एक चिम्टी नुन मिसाएर सेवन गर्नुपर्छ। यदि व्यक्ति बेहोश छ भने कोल्टे पारेर सुताउने र एम्बुलेन्स बोलाउनुपर्छ। गर्मीका कारण हुने मृत्युलाई रोक्न सकिन्छ। सचेतना र सावधानी अँगालेर आफू र वरपरका मानिसलाई गर्मीको तनावबाट जोगाउन सक्छौं।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## फोहोर भरिएका थप ६०० बेलुन दक्षिण कोरियातर्फ पठाइयो


तस्वीरः एजेन्सी

सियोल, २० जेठ/एएफपी

उत्तर कोरियाले करीब ६०० फोहोरले भरिएका बेलुनहरू सीमामा पठाएको सियोलको सेनाले आइतवार बताएको छ ।

सुरक्षाकर्मीहरूले चुरोटका बट्टादेखि प्लास्टिकसम्म रहेको उक्त फोहोरको बेलुन सङ्कलन गरिरहेका छन् ।

"उत्तर कोरियाले शनिवार साँझ ८ बजेदेखि दक्षिण कोरियातर्फ पुनः फोहोरका बेलुनहरू पठाउन शुरू गरेको हो," सियोलको ज्वाइन्ट चिफ्स अफ स्टाफ (जेसिएफ)ले एक विज्ञप्तिमा बताएको छ ।

आइतवार बिहान करीब १० बजेसम्म प्रतिघण्टा लगभग २० देखि ५० का दरले लगभग ६०० बेलुन हावामा उडिरहेको पहिचान गरिएको थियो ।

बेलुनहरू राजधानी सियोल र ग्योन्गी छेउछाउका क्षेत्रसहित दक्षिण कोरियाको उत्तरी प्रान्तहरूमा अवतरण गरिरहेका छन् । यो सामूहिकरूपमा दक्षिणको लगभग आधा जनसङ्ख्या बसोवार गर्ने क्षेत्र हो ।

उत्तर कोरियाले यस हप्ताको शुरूबाट फोहोर बोकेका सयौं बेलुनहरू दक्षिणतर्फ पठाउन थालेको हो । सियोलले प्योङयाङको उक्त कार्य तुच्छ भएको भन्दै यदि यस्तो तर्कहीन उक्साहट नरोके कडा प्रतिकारको चेतावनी दिएको छ ।

"हाम्रो सेनाले बेलुन छोडिएका स्थानहरूबाट निगरानी गरिरहेको छ र सार्वजनिक सुरक्षालाई प्राथमिकता दिंदै खसेका बेलुनहरू सङ्कलन गर्दैछन्," उत्तर कोरियाले मङ्गलवारदेखि करीब ९०० फोहोर भरिएका बेलुन दक्षिणतर्फ पठाएकोमा कुनै खतरनाक पदार्थ फेला नपरेको जेसिएफले बताएको छ । रासस

## हृदयघातका कारण ३३ जना मतदान कर्मचारीको मृत्यु

लखनऊ, २० जेठ/एएफपी

देशभर बढीरहेको गर्मीका बीच भारतमा निर्वाचनको अन्तिम दिन एकै राज्यका मतदानस्थलमा खटिएका कम्तीमा ३३ जना कर्मचारीहरूको हृदयघातका कारण मृत्यु भएको एक शीर्ष निर्वाचन अधिकारीले आइतवार बताएका छन् ।

भारतका विभिन्न ठाउँमा ४५ डिग्री सेल्सियसभन्दा माथिको तापक्रमका कारण धेरै मानिसको मृत्यु भएको खबर आइरहेको छ । एक दिनमा दर्जनौं कर्मचारीको मृत्युको यो खबर दुःखद विषय हो ।

भारतीय मौसम विज्ञान विभाग (आइएमडी)का अनुसार उत्तर प्रदेशको झाँसीमा तापक्रम ४६.९ डिग्री सेल्सियस पुगेको छ ।

सातौं तथा अन्तिम चरणको मतदान शनिवार समाप्त भएको उत्तर प्रदेशका प्रमुख निर्वाचन अधिकारी नवदीप रिनवाले गर्मीका कारण ३३ जना मतदानकर्मीको मृत्यु भएको बताए । तथ्याङ्कमा सुरक्षा गार्ड र सरसफाइ कर्मचारीहरू समावेश रहेका थिए ।

"मृतकका परिवारलाई १५ लाख भारतीय रुपैयाँ (१८ हजार अमेरिकी डलर)को आर्थिक क्षतिपूर्ति प्रदान गरिनेछ," रिनवाले पत्रकारहरूलाई बताए ।

जब कुनै व्यक्ति डिहाइड्रेटेड हुन्छ, अत्यधिक गर्मीका कारण रगत जम्ने र अङ्गहरूले काम गर्न छोड्ने भई मानिसहरूको मृत्यु हुने विशेषज्ञहरू बताउँछन् ।

"बालिया शहरमा मतदान गर्न लाइनमा पर्खिरहेका एक मतदाता मतदानस्थलमा नै बेहोस भए । मतदातालाई स्वास्थ्य केन्द्रमा लगिएको थियो, जहाँ आइपुग्दा उहाँलाई मृत घोषित गरियो," रिनवाले छुट्टै घटनाबारे जानकारी गराउँदै भने ।

बढ्दो तापक्रमसँग भारत अपरिचित छैन । तर जलवायु परिवर्तनले तातो छालहरू लामो, बारम्बार र तीव्र हुँदै गइरहेको वर्षौंको वैज्ञानिक अनुसन्धानले पत्ता लगाएको छ । रासस

## इन्डोनेशियामा ज्वालामुखी विस्फोट

जकार्ता, २० जेठ/एएफपी

पूर्वी इन्डोनेशियामा आइतवार ज्वालामुखी विस्फोट भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

विस्फोटपछि सात किलोमिटर माथि आकाशमा खरानीले बादलजस्तै ढाकेको सामाजिक सञ्जाल र स्थानीय सञ्चारमाध्यमद्वारा सार्वजनिक तस्वीर तथा भिडियोमा देख्न सकिन्छ ।

यो ज्वालामुखीबाट यस वर्षको शुरूदेखि अहिलेसम्म भएका करीब १०० वटा विस्फोटको पछिल्लो घटना हो ।

उत्तरी मालुकु प्रान्तको हलमहेरा टापुमा रहेको माउन्ट इबुमा स्थानीय समय अनुसार दिउँसो १२:४५ बजे विस्फोट हुँदा खरानीको बाक्लो बादल हावाले धेरै माथि र टाढासम्म पुगेको भूगर्भ विभागका प्रमुख मोहम्मद वाफिदले बताए ।

मे महीनाको मध्यदेखि देशको उच्च सतर्कता तहमा रहेको ज्वालामुखीबाट निस्केको विस्फोट ६ मिनेट १३ सेकेन्डसम्म चलेको उनले बताए ।

राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी)का प्रवक्ता अब्दुल मुहारीले आइतवार एक विज्ञप्ति जारी गर्दै ज्वालामुखीको निगरानी केन्द्र र त्यसको छेउमा रहेको उद्धारगृहतर्फ हावाले खरानी पुऱ्याएको तर उद्धार गरिएका व्यक्तिमा कुनै त्रास नरहेको उनले बताएका छन् ।

"मानिसहरूलाई बाहिरी गतिविधिबाट जोगिन र घरभित्र आश्रय लिन सल्लाह दिइएको छ भने बालुवा मिसिएको खरानी अझै पनि वर्षा भइरहेको छ," अब्दुलले बताए । उनले श्वासप्रश्वासमा समस्या आउन नदिन मास्कको प्रयोग गर्न आग्रह गरे ।

मे १६ मा ज्वालामुखीलाई उच्च सतर्कता तहमा पुऱ्याइएपछि अधिकारीहरूले स्थानीय र पर्यटकहरूलाई ज्वालामुखीको केन्द्र चारदेखि सात किलोमिटर (२.५-४.३ माइल)को बीचमा बहिष्करण क्षेत्रमा प्रवेश नगर्न चेतावनी दिएका थिए ।

स्थानीय विपद् न्यूनीकरण निकायको तथ्याङ्क अनुसार अधिकारीहरूले त्यसको केही समयपछि नै त्यहाँका बासिन्दालाई सुरक्षित स्थानमा सार्न शुरू गरेका थिए भने आइतवारसम्म दुई हजार ५०० भन्दा बढी मानिसलाई आश्रयस्थलमा सारिएको थियो ।

इबु इन्डोनेशियाको सबैभन्दा सक्रिय ज्वालामुखी स्थलमध्ये एक हो । यहाँ गत वर्ष २१ हजारभन्दा बढी विस्फोट भएका थिए ।

जियोलोजी एजेन्सीका अनुसार इबुमा सन् २०२३ मा दैनिक औसत ५८ वटा विस्फोट भएका थिए ।

इन्डोनेशिया, एक विशाल द्वीपसमूह राष्ट्र, प्रशान्त 'रिङ अफ फायर' रहेको कारण बारम्बार भूकम्पीय र ज्वालामुखी गतिविधिको सामना गर्नुपर्छ ।

गत महीना उत्तरी सुलावेसी प्रान्तको माउन्ट रूआङमा आधा दर्जनभन्दा बढी पटक विस्फोट हुँदा आसपासका टापुका हजारौं बासिन्दालाई अन्यत्र जान बाध्य बनाएको थियो । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – सफलता |
| सिंह – अलमल | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुभय |
| धनु – कार्यनाश | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – धनक्षति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**हाते पङ्खा बनाउँदैः** सुनसरीको इनरुवा-२ का महम्मद इस्ताक खान गर्मीमा उपयोग हुने हाते पङ्खा (बेना) बनाउँदै । शारीरिकरूपमा अपाङ्गता उनले पाँच वर्षदेखि हाते पङ्खा बनाउँदै आएका छन् । पङ्खा प्रतिगोटा रु २० मा बिक्री हुने उनी बताउँछन् । तस्बिरः नवीन गड्तौला/रासस

## चारवटा घरेलु मदिराभट्टी नष्ट

प्रस, पंचगावाँ, २० जेठ/

इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीले आइतवार जीराभवानी गाउँपालिका-५ शङ्कर सरैया, सखुनियामा घरेलु मदिराभट्टी नष्ट गरेको छ ।



इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढामगरको नेतृत्वको प्रहरीले स्थानीय दर्पण नुनिया, जगनमाझी मुसहरलगायतका चारवटा घरेलु मदिराभट्टी नष्ट गरेको छ ।

प्रनि बुढामगरले सूचनाको आधारमा छापा मारी घरेलु मदिराभट्टीमा रहेको पाँच सय लिटर तयारी मदिरासहित कच्चा पदार्थ र घरेलु मदिरा बनाउन प्रयोग हुने भाँडाकुँडा नष्ट गरेको बताए ।

### औद्योगिक ...

अर्कोतर्फ वीरगंजमैं सुविधासम्पन्न एकीकृत जाँचचौकी पनि निजी क्षेत्रले सञ्चालन गर्दै आइरहेको छ । यो एकीकृत जाँचचौकी ११५ बिघा क्षेत्रफलमा फैलिएको छ ।

सो जाँचचौकी पाँच वर्षका लागि टिआरएस हिमालयन लोजी पार्क प्रालिले सञ्चालन तथा व्यवस्थापन गरेबापत कम्पनीले समितिलाई पाँच वर्षको रु एक अर्ब ८० करोड ९० लाख एक हजार दुई पट्टाबहाल रकम बुझाउनेछ । यो जाँचचौकी पनि ठूलो क्षेत्रफलमा फैलिएको छ ।

वीरगंज भन्सार कार्यालयले चालू आवको चैत मसान्तसम्मको अवधिमा रु एक खर्ब १४ अर्ब १६ करोड राजस्व सङ्कलन गरेको छ । गत आवमा भने एक खर्ब ५७ अर्ब १५ करोड राजस्व सङ्कलन गरेको थियो ।

**आयात-निर्यातमा योगदान**

भन्सार विभागको तथ्याङ्क अनुसार आव २०७९/८० मा नेपालमा १६ खर्ब ११ अर्ब ७३ करोड मूल्यका वस्तु तथा सामान आयात भएका थिए । जसमा वीरगंज भन्सार कार्यालय हुँदै आव २०७९/८० मा रु पाँच खर्ब ९३ अर्ब ३९ करोड १७ लाख २० हजारका वस्तु तथा सामान आयात भएका थिए । कुल आयातमध्ये वीरगंज भन्सार कार्यालयको हिस्सा मात्रै ३६ दशमलव ८२ प्रतिशत हुने गर्छ ।

गत आवमा नेपालबाट रु एक खर्ब ५७ अर्ब १४ करोडका वस्तु निर्यात भएका थिए । आयात मात्रै होइन, निर्यातमा पनि वीरगंज भन्सार कार्यालयको भूमिका उल्लेखनीय नै देखिन्छ ।

गत आवमा निर्यातमा वीरगंज भन्सारको २३ दशमलव ३४ अर्थात् ३६ अर्ब ६७ करोड मूल्य बराबरको वस्तु निर्यात भएका थिए ।

## रक्सौलमा प्रतिभा सम्मान कार्यक्रम

प्रस, वीरगंज, २० जेठ/

अल सोसल मिडिया ग्रुप रक्सौलले आइतवार प्रतिभा सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

रक्सौलमा आयोजित समारोहमा भारतीय सेनाका सेवानिवृत्त अधिकारी डा सद्दाब ख्यामले कार्यक्रमको उद्घाटन गर्दै शिक्षा र रोजगार हासिल गर्नका लागि सुझाव दिए । उनले आफू मात्र पढेर रोजगार बन्नुभन्दा थप व्यक्तिहरूलाई रोजगार दिनुपर्नेतर्फ मानिसहरूले ध्यान दिनुपर्ने सुझाव दिए । उनले आफ्नो पेशाप्रति लगनशील भएर काम गरेको खण्डमा सफलता हासिल हुने बताए ।

रक्सौल नगरपरिषद्को प्रतिनिधित्व गर्दै सुरेश यादवले रक्सौलको विकासमा नगरपरिषद् मात्र बाधक नभएको बताए । उनले पछिल्लो समयमा रक्सौलको विकास क्रमिकरूपले भइरहेको तर आशाप्रद परिवर्तन हुन नसकेको बताए । नेपालसँग जोडिएको रक्सौलको विकासमा सबैजनाको साथ र सहयोग हुनुपर्नेमा उनले जोड दिए । यादवले अहिले रक्सौलमा सरसफाइ र सरकारी कार्यालयहरूमा हुने गरेका बेथितिमा सुधार आएको दाबी गरे ।



तस्वीरः सौजन्य

कार्यक्रमका प्रमुख अतिथि डा ख्यामले वीरगंजका सोसल मिडियामा कार्यरत राधेश्याम पटेल, श्रवण साह, प्रणय साह, विशाल यादव, अनिल गुप्ता, चन्दन यादवलाई दोसल्ला ओढाएर सम्मानित गरेका थिए । यसैगरी, कार्यक्रममा रक्सौलमा कार्यरत सोसल मिडियाकर्मी, कक्षा १२ का उत्कृष्ट विद्यार्थी र वारुणयन्त्रकर्मीलाई पनि सम्मानित गरिएको थियो । कार्यक्रममा भूतपूर्व भारतीय सेना सङ्घका शैलेश कुमार, भेलाही ग्राम पञ्चायतका मुखिया सुमन पटेललगायतको सहभागिता थियो ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



नेपाल खानेपानी संस्थानले कालोपत्र सडक फोडेर खानेपानीको पाइप बिछ्याउन थालेको छ र सडकमा माटो तथा ग्राभेल खसालेर मरम्मत गर्दा वर्षाको समयमा समस्या हुने गरेको छ। वीरगंजको महावीर गली, रानीघाट, आदर्शनगर, छपकैयालगायतका स्थानमा कालोपत्र सडक फोडेर खानेपानीको पाइप बिछ्याइएको छ। सडक फोडेपछि सडकमा माटो र ग्राभेल खसाउँदा वर्षाको बेलामा नगरवासी तथा सवारीसाधनलाई आवागमनमा समस्या भएको छ। तस्वीरः नितेश कर्ण

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण सृजना गरौं,
- उनीहरूलाई गाली गर्ने, डर देखाउने, अरूसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरूलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभूति गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## रक्तपरीक्षण शुल्कबारे सम्झौता

प्रस, वीरगंज, २० जेठ/

नेपाल रेडक्रस सोसाइटी पर्सा र जीतपुरसिमरा उपमहानगरपालिका–१४ बीच सम्झौता भएको छ।




जीतपुरसिमरा–१४ का बिरामीहरूरुलाई उपचारको क्रममा रक्तसञ्चार केन्द्रबाट आवश्यक पर्ने रगत निश्शुल्क उपलब्ध गराउनेबारे सम्झौता भएको हो।

केन्द्रले परीक्षणबापतको शुल्क लिंदै आएकोमा अबदेखि जीतपुरसिमरा–१४ का बासिन्दालाई निश्शुल्क रगत उपलब्ध गराउनेबारे रेडक्रसका सभापति वीरेन्द्रराज कँडेल र वडाध्यक्ष चयन गुरुङबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

वडाध्यक्ष गुरुङले अबदेखि वडावासीले रगत परीक्षणबापतको शुल्क नतिर्नुपर्ने बताइन्।

रक्तसञ्चार केन्द्रले रक्तदान कार्यक्रममा सङ्कलन गर्ने रगतमा विभिन्न रोगको परीक्षण गर्ने र रगत सुरक्षित राख्ने आदि कार्यको लागि शुल्क लिने गरेको छ। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पर्साका निमित्त शाखा अधिकृत वीरशमशेरप्रसाद कुर्मी, सहायक राजन श्रीवास्तव, मीना क्षेत्रीलगायतको सहभागिता थियो।

## ७२ लाखसहित दुईजना पक्राउ

काठमाडौं, २० जेठ/रासस

नेपाल प्रहरीले स्रोत नखुलेको रु ७२ लाखसहित दुईजनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले काठमाडौं महानगरपालिका–७ चावहिलस्थित लुम्बिनी खाजाघर तथा गेस्ट हाउसबाट दुवैजनालाई पक्राउ गरी आइतवार सार्वजनिक गरेको हो।

पक्राउ पर्नेमा भोजपुरको पौवा डुग्मा गाउँपालिका–४ घर भई हाल न्यूरोड बस्दै आएका ५० वर्षीय भीमसेन विश्वकर्मा र सोही स्थानका २९ वर्षीय खेमराज विश्वकर्मा रहेका छन्।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए।

# खेलकूदको संसार

## बङ्गबन्धु कप कबड्डीको फाइनलमा नेपाल

प्रस, वीरगंज, २० जेठ/

बङ्गलादेशमा जारी बङ्गबन्धु कबड्डी कप २०२४ मा केन्यालाई हराउँदै नेपाल फाइनलमा प्रवेश गरेको छ।

आइतवार ढाकामा भएको दोस्रो सेमिफाइनलमा समूह 'बी'को विजेता केन्यालाई हराउँदै नेपाल बङ्गबन्धु कबड्डी कप–२०२४ को फाइनलमा प्रवेश गरेको हो।




खेलको निर्धारित समय ५०–५० को बराबरीमा समाप्त भएपछि खेलको निर्णय टाइब्रेकरबाट भएको थियो। टाइब्रेकरमा नेपालले शारीरिकरूपमा बलियो केन्यामाथि ९–५ को जीत निकाल्दै नेपालले उपाधिका लागि बङ्गलादेशसँगको भिडन्त पक्का गरेको हो। नेपाल पहिलोपटक बङ्गबन्धु कबड्डीको फाइनलमा प्रवेश गरेको छ।

निर्धारित ४० मिनेटको अन्तिम समयसम्म नेपाल एक अङ्कले पछि थियो। तर कप्तान घनश्याम रोकामगरले अन्तिम मिनेटमा बोनस प्वाइन्ट निकाल्न सफल भएपछि खेल ५०–५० अङ्कमा बराबर भएको हो। टाइब्रेकरमा नेपालले नौ अङ्क जोड्दा केन्याले पाँच अङ्क मात्र जोडेपछि नेपाल ५९–५५ ले विजयी भएको हो। केन्या सन् २०२१ र २०२२ संस्करणको उपविजेतासमेत हो।

नेपालका कप्तान रोकामगर खेलको 'म्यान अफ दी म्याच' चुनिए। घनश्याम नेपालले खेलेका छ खेलमध्ये पाँचौं खेलमा 'म्यान अफ दी म्याच' चुनिएका हुन्। बङ्गबन्धु कप कबड्डीकै इतिहासमा टाइब्रेकरसम्म पुगेको यो पहिलो खेलसमेत हो।

बङ्गबन्धु कबड्डी कप २०२४ मा वीरगंज महानगरपालिका वडा नं १५ लक्ष्मणवा निवासी १८ वर्षीय सागर यादव पनि सहभागी छन्।

सागरले पहिलो मलेशिया, दोस्रो पोल्यान्ड, तेस्रो दक्षिण कोरिया, पाँचौं बङ्गलादेश र आज छैटौं केन्यासँग खेलेको उनका दाजु शिवशङ्कर यादवले जानकारी गराए। (एजेन्सीको सहयोगमा)

## आर्मीले बूढानीलकण्ठलाई हरायो

काठमाडौं, २० जेठ/रासस

राजधानीमा जारी आठौं प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल लिग अन्तर्गत पुरुषतर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले बूढानीलकण्ठ भलिबल क्लबलाई पराजित गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा आइतवार भएको खेलमा आर्मीले बूढानीलकण्ठ भलिबल क्लबलाई ३–० को सोझो सेटमा पराजित गरेको हो। आर्मीले खेलको पहिलो सेट २५–१५ ले जित्यो भने खेलको दोस्रो सेट २५–२० ले आफनो पक्षमा पाऱ्यो। त्यस्तै, खेलको तेस्रो तथा अन्तिम सेट २५–२० ले जित्यो। प्रतियोगितामा आर्मीको यो लगातार दोस्रो जीत हो। पहिलो खेलमा आर्मीले कोशी प्रदेशलाई ३–० को सेटमा पराजित गरेको थियो।

जीतसँगै आर्मीले दुई खेलमा छ अङ्क जोडेको छ। दुई खेल खेलको बूढानीलकण्ठ अङ्कविहीन छ। बूढानीलकण्ठ पहिलो खेलमा हेल्प नेपाल स्पोर्ट्स क्लबसँग ३–१ सेटमा पराजित भएको थियो।

यसैगरी, आज नै सम्पन्न महिलातर्फ विभागीय टोली नेपाल पुलिस क्लबले न्यू डायमन्ड स्पोर्ट्स क्लबलाई ३–१ तथा एभरेस्ट भलिबल क्लबले कर्णाली प्रदेशलाई ३–० को सेटमा पराजित गरेको थियो।

## विश्वकप क्रिकेटः अमेरिकाद्वारा क्यानडा पराजित

काठमाडौं, २० जेठ/रासस

आरोन जोन्सको उत्कृष्ट ब्याटिङमा अमेरिकाले आइसिसी टी–२० विश्वकप–२०२४ को पहिलो खेलमा क्यानडालाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ।


तस्वीरः सौजन्य

अमेरिकाको डालसस्थित ग्रान्ड प्रेरी क्रिकेट रङ्गशालामा भएको खेलमा अमेरिकाले क्यानडालाई सात विकेटले पराजित गरेको हो। खेलमा क्यानडाले दिएको १९५ रनको बलियो लक्ष्य पछ्याएको अमेरिकाले १७.४ ओभरमा तीन विकेट गुमाउँदै पूरा गऱ्यो।

अमेरिकाको जीतमा आरोन जोन्सले सर्वाधिक ९४ रनको योगदान दिए। उनले ४० बलमा चार चौका र १० छक्काको मदतले 'नटआउट' हुँदै (अविजित) ९४ रन बनाए। एन्ड्रिस गौसले ४६ बलमा सात चौका र तीन छक्कासहित ६५ रन जोडे। कप्तान मोनाङ्क पटेलले १६ रन बनाए। बलिङतर्फ क्यानडाका कलिम साना, डिलोन हेलिगर र निखिल दत्तले समान एक/एक विकेट लिए।

त्यस अघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको क्यानडाले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १९४ रनको योगफल बनाएको थियो। क्यानडाका लागि ओपनर नवनीत धालिवालले सर्वाधिक ६१ रनको योगदान दिए। उनले ४४ बलमा छ चौका र तीन छक्कासहित ६१ रन बनाए।

क्यानडाका लागि निकोलस किर्टोनले ३१ बलमा तीन चौका र दुई छक्कासहित ५१ रन बनाए भने श्रेयस मोम्भाले १६ बलमा दुई चौका र दुई छक्कासहित ३२ रनको योगदान दिए। साथै आरोन जोनसनले १६ बलमा पाँच चौकाको मदतले २३ रन बनाए भने दिलप्रीत बजवाले ११ रन बनाए। परगट सिंह पाँच रनमा आउट भए।

अमेरिकाका अली खान, कोरी एन्डरसन र हरम्रित सिंहले समान एक/एक विकेट लिए। उक्त विश्वकप प्रतियोगितामा अमेरिका समूह 'ए'मा छ। अमेरिकाको समूहमा क्यानडासँगै आयरल्यान्ड, भारत र पाकिस्तान छन्।

अमेरिकाले आफ्नो दोस्रो खेल यही जून ६ तारिखमा पाकिस्तानसँग खेल्नेछ। विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत आजै हुने अर्को खेलमा पपुवा न्यूगिनी र वेस्ट इन्डिजबीच प्रतिस्पर्धा हुनेछ।

## नन्दाले नेपाललाई स्वर्ण पदक दिलाइन्

काठमाडौं, २० जेठ/



नेपाली तेक्वान्दो खेलाडी नन्दा बस्यालले कुकिवन कप युएसए च्याम्पियनशिपमा दोहोरो स्वर्ण पदक जितेकी छन्। अमेरिकाको न्यूजर्सीमा भएको प्रतियोगितामा महिला ५० वर्षमुनि फ्री स्टाइल ब्रेकिङ र ओपन डिभिजन पुम्सेमा नन्दाले स्वर्ण पदक जितेको राष्ट्रिय खेलकूद परिषद् (राखेप)ले जनाएको छ।

राखेपको कार्यकारी समितिको सदस्यसमेत रहेकी नन्दाले १० महीनाको अवधिमा जितेको यो तेस्रो स्वर्ण पदक हो। यस अघि नन्दाले गत साउनमा दक्षिण कोरियामा भएको स्योङ्नाम विश्व हान्मादाङ अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा पनि स्वर्ण जितेकी थिइन्।